मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily




● वर्ष १ ● अंक ९७ ● २०७९ साल फाल्गुन २ गते मंगलबार ● Tuesday 14, Feb. 2023 ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# आफ्नै निर्णय कुल्चदै प्रदेश सरकार

## गोष्ठी, सेमिनार, कार्यशाला र योजनाहरु रोक्का गरिएपनि धमाधम आयोजना गर्दै



मधेशदृष्टि
जनकपुरधाम, १ फागुन।

प्रदेश सरकारले आर्थिक संकुचन भएको भन्दै चालु आर्थिक वर्ष २०७९/८० विनियोजित बजेट मध्ये गोष्ठी, सेमिनार, कार्यशाला र सम्झौता नभएका योजनाहरु रोक्का गर्ने औपचारिक निर्णय गरेको छ । निर्णय गरेको दुईसात नबित्द आफ्नै निर्णयलाई कुल्चदै त्यस्ता कार्यक्रमहरु जारी राखेको छ।

माघ २३ प्रदेश सरकारका अर्थ मन्त्रालयले पूँजीगत खर्चतर्फ सम्झौता हुननसकेका विकास निर्माणका योजनाहरु, सबै प्रकारका गोष्ठी, सेमिनार, कार्यशाला र आर्थिक सहायता प्रदान लगायतका कार्यक्रम रोक्का गर्ने तथा चालु खर्चतर्फका २७ वटा शीर्षकमा २० प्रतिशत कटौती गर्ने मन्त्रिस्तरीय निर्णय गरेको थियो । सो निर्णय बमोजिम सरकार मातहतका प्रत्येक मन्त्रालय, निकाय र कार्यालयहरुलाई परिपत्र गरी निर्देशन समेत दिइसकिएको छ।

अर्थ मन्त्रालयका निर्णयलाई प्रदेश सरकारका अन्य मन्त्रालयहरुले कुल्चदै त्यस्ता कार्यक्रमहरु जारी राखेका छन् । निर्णय कार्यान्वयन गर्न/गराउनु सट्टा एक साता नबित्दै त्यस्ता कार्यक्रमहरु सामाजिक विकास मन्त्रालय र गृह तथा सञ्चार मन्त्रालयले संचालन गरेका छन्।

आइतबार सामाजिक विकास मन्त्रालयले जनकपुरधामको एक होटलमा लाखौं रुपैया खर्चेर समीक्षा बैठकको नाममा कार्यक्रम आयोजना गर्यो भने सोमवार गृह तथा सञ्चार मन्त्रालयले जनयुद्ध दिवसको अवसरमा भड्किलो कार्यक्रम आयोजना गर्यो । यति मात्र होइन शहीदलाई सम्मानको नाममा ५ करोड ४० लाख रुपैया आर्थिक सहयोग गरिएको छ । मन्त्रालय मातहतको मधेशी शहीद प्रतिष्ठानद्वारा एक लाखको दरले जनयुद्धमा शहादत प्राप्त गरेका ५ सय ४० शहीद परिवारलाई जनयुद्ध दिवसको अवसरमा ५ करोड ४० लाख रुपैया आर्थिक सहयोग गरिएको हो।

एकातर्फ अर्थ मन्त्रालयले आर्थिक संकुचन भएको भन्दै खर्च कटौती र योजना तथा कार्यक्रमहरु रोक्का गर्न भनिरहेका छन् अर्कोतर्फ सोही सरकार अन्य मन्त्रालयहरुले विभिन्न बहानाबाजीमा त्यसलाई बेवास्ता गरिएकोबारे सम्बन्धित मन्त्रालयहरुले कुरा गर्न चाहेका छैनन्।

निर्देशनको बेवास्ता गर्दै समीक्षा बैठक गरिएकोबारे प्रतिक्रिया लिन खोज्दा सामाजिक विकास मन्त्री सुरिता साहलाई पटक पटक ४ घण्टासम्म फोन गर्दा पनि उठेन । मन्त्रालयका सचिव लक्ष्मी भण्डारीलाई फोन गर्दा अहिले आफू आरतीमा छु भोली कुरा गर्ने भन्दै कुरा गर्न मानेनन् । उता गृह तथा सञ्चार मन्त्री शत्रुध्न प्रसाद सिंहले पनि आफू गृह जिल्ला गइरहेको छु पछि फोन गर्ने भनी कुरा गर्न मानेनन् । सो मन्त्रालयका सचिव रामकुमार महतोले पनि पटक पटक फोन गर्दा उठाएनन्।

अर्थ मन्त्रालयको निर्णयलाई प्रदेश सरकारका अन्य मन्त्रालयहरुले टेरेनन् भन्ने जिज्ञासा राख्दा अर्थमन्त्री संजयकुमार यादवले मन्त्रालयहरुको बचाउ गर्दै भने ' पुर्व सहमति भएको थियो । केही यस्ता कार्यक्रमहरु छन् जसलाई निरन्तरता दिन मन्त्रिपरिषद्को निर्णय बमोजिम संचालन गरिएको हो ।' सामाजिक विकास मन्त्रालयको पूर्व निर्धारित कार्यक्रम रहेकाले सहमति लिएर गरेका उनले बताए । 'गृह तथा सञ्चार मन्त्रालयको जनयुद्ध दिवस कार्यक्रम पनि मन्त्रिपरिषद्को निर्णयबाट गरिएको हो' यादवले भने ' जहाँसम्म शहीद परिवारलाई आर्थिक सहयोगको कुरा हो, त्यो आर्थिक सहयोग नभई हामीले शहीदको बलिदानले संघीयता आएकाले सम्मान गरेका हौं।'

यति मात्र होइन सरकारमा प्रतिनिधित्व गर्ने दलहरुले बजेटमा राखेका योजना संचालन गरिरहेका छन् । सोमवार नै पुर्व मुख्यमन्त्री लालबाबु राउतले स्वच्छता अभियान अन्तर्गत आफ्नो गृहनगर वीरगंजमा राखेको बौद्धीमाई पोखरीको ८० लाखको लागतमा हुने सौन्दर्यीकरणको शिलान्यास गरी कार्य शुभारम्भ गरेका छन् । प्रदेश सरकारका अर्थ मन्त्रालयद्वारा सम्झौता हुननसकेका र सम्झौता भएपनि कार्यान्वयनमा आउन नसकेका योजनाहरु रोक्का गर्ने निर्देशन दिएको बावजूत कसरी शिलान्यास - बाँकी पृष्ठ ६ मा

## संविधान संशोधन आवश्यक: उपराष्ट्रपति पुन

*संविधानको कुन धारामा संशोधन गर्नुपर्ने त्यो भने खुलाएको छैन, स्पष्ट गरिएको छैन*



मधेशदृष्टि
जनकपुरधाम, १ फागुन।

उपराष्ट्रपति नन्दबहादुर पुनले संविधान संशोधन र परिमार्जनको आवश्यकता रहेको कुरामा जोड दिएका छन्। सोमवार जनयुद्ध दिवसको अवसरमा मधेश प्रदेश सरकार मातहतको शहीद प्रतिष्ठानद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उपराष्ट्रपति पुनले संविधानलाई सहमतिय दस्तावेजको संज्ञा दिदैं भने 'संविधानलाई परिस्कृत, परिमार्जित तथा संशोधन गर्दै पूर्ण कार्यान्वयनमा अझ थुप्रै मेहनत र प्रयास गर्नुपर्नेछ।'

'हाम्रो संविधान गतिशील दस्तावेज भएकाले यसलाई समय र सन्दर्भ अनुसार अझै उत्कृष्ट बनाउन सकिन्छ' पुनले भने 'राज्य पुनर्संरचना अनुसार बनेका ७ वटा प्रदेशमध्ये मधेस प्रदेशले पहिचानको आधारमा नामाकरण गर्न सफल भएको छ।'

संविधान संशोधनको आवश्यकता औल्याए पनि पुनले संविधानको कुन कुन धारा संशोधन आवश्यक भएको हो त्यसबारे स्पष्ट गरेनन्।

उपराष्ट्रपति पुनले वृहत् शान्ति सम्झौता भएको १६ वर्ष पुगिसक्दा पनि शान्ति सम्झौतालाई पूर्ण निष्कर्षमा पुऱ्याउन नसकिएको समेत बताए । उनले शान्ति संझौताको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगमार्फत गर्नुपर्ने काम अझै सम्पन्न हुन नसकेको प्रति चिन्ता व्यक्त गरे । सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सरकारलाई शान्ति संझौताको बाँकी कामलाई छिटो टुंगोमा पुऱ्याउन पुनले आग्रह गरे।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विभिन्न आन्दोलनको प्रतिफलको रुपमा संघीयता प्राप्त भएको बताउँदै माओवादीको पनि प्रमुख भूमिका रहेको चर्चा गरे - बाँकी पृष्ठ ६ मा

## कम्युनिष्टको खोल ओढेकाहरुद्वारा नै बदनामी : साह

*'नेपालका कम्युनिष्ट पार्टीमा दलाल, तस्कर र माफियाहरु हाबी भएका छन् उनिहरुले नै पार्टी चलाइरहेका छन्'*



मधेशदृष्टि
वीरगंज १ फागुन

आम आदमी पार्टीका केन्द्रिय अध्यक्ष प्रभु साहले भ्रष्ट अर्थ नीतिले मुलुक तहसनहस भएको र राजस्व असुली समेत नराम्रोसँग प्रभावित भएको बताएका छन् । पार्टीद्वारा सोमबार वीरगंजमा आयोजित जिल्ला भेलालाई सम्बोधन गर्दै पूर्वमन्त्री समेत रहेका साहले कम्युनिष्ट नेताहरुले कम्युनिष्टको खोल ओढेर कम्युनिष्ट पार्टीलाई नै बदनाम गरिरहेको आरोप लगाए।

'नेपालका कम्युनिष्ट पार्टीमा दलाल , तस्कर र माफियाहरु हाबी भएका छन्। उनिहरुले नै पार्टी चलाइरहेका छन्' साहले भने 'कम्युनिष्टको खोल ओढेर कम्युनिष्ट पार्टीलाई नै बदनाम गरिरहेको आरोप लगाए लाचार र शोषित जनतालाई शासित होइन शासक बनाउनका लागि आम आदमी पार्टी गठन गरिएको दावी साहको छ।

साहले भने 'किसान र मजदुरलाई सम्मान र अधिकार दिलाउन, उनिहरुको जीवनस्तर उकास्ने लक्ष्य लिएर आम जनता पार्टी अगाडि बढेको हो ।' मुलुकमा व्याप्त चरम भ्रष्टाचारलाई जरै देखि उखेलेर फाल्ने संकल्पका साथ पार्टी अगाडि बढेको बताउँदै साहले भने 'यसमा आम जनताको साथ आवश्यक छ।

नेपालबाट लुटेर कालोधन विदेशमा लगेर थुपारेका दलाल पूँजीपतिहरुलाई आम आदमी पार्टीले ठेगान लगाउने चेतावनी पनि साहले दिएका छन्।

आम आदमी पार्टीका मधेस प्रदेश इन्चार्ज उपेन्द्र साहको अध्यक्षतामा सम्पन्न भेलालाई पार्टीका नेता कदम रसुल, बाबुराम कौशिक, लगायतले सम्बोधन गरेका थिए।

आम आदमी पार्टीको आज वीरगंजमा सम्पन्न जिल्ला भेलाले महम्मद कदम रसुलको अध्यक्षतामा जिल्ला कार्य समितिको चयन गरेको छ । गठित समितिको उपाध्यक्षमा संजिव सोनी, फईम मिया अन्सारी, रामबाबु साह कानु, सचिवमा विश्वराज पटेल, सहसचिव दिलिप गुप्ता, सदस्यहरु रिना गिरी, राकेश साह सोनार, संजिव गुप्ता, रामबाबु साह, विकास पटटेल, अमित बर्मा, किसन साह सोनार, रुपेश हजरा, विपिन कुशवाहा, सोनु अग्रवाल, गणेश मण्डल लगायतका छन्।

# प्रधानाध्यापकको मनपरीले छात्रवृति रोक्का

## निजी ट्यिुशन संचालन र परीक्षा शुल्क लिएकोमा अभिभावकको विरोध

*विद्यालयले छात्रवृति वितरण नगरेको, पोशाक बैलैमा नदिएको र विद्यार्थीलाई मुरही र घुघनीमात्र खाजा दिने गरेको आरोप अभिभावकहरुको छ। प्रधानाध्यापक भन्छन– शिक्षक र कर्मचारी अभावमा छात्रवृति वितरण गर्न नभ्याएको हो।*




मधेशदृष्टि
जनकपुरधाम, १ फागुन।

जनकपुरधाम उपमहानगरपालिका १८भोइलस्थितश्रीराष्ट्रियप्राथमिक विद्यालयले विद्यार्थीहरुको छात्रवृति रकम अनियमितता गरेको आरोप लागेको छ।

विद्यालयले गत दुई वर्षदेखि छात्रा तथा दलितलाई वितरण गरिने छात्रवृति वितरण नगरेको आरोप अभिभावकहरुले आरोप लगाएका छन्। प्रत्येक वर्ष छात्रवृति वापत विद्यार्थीहरुलाई पोशाक नै वितरण गरिदैं आएकोमा सो विद्यालयले गत र चालु शैक्षिक सत्रमा वितरण नगरेको अभिभावक सन्तोष मण्डलले बताए।

उनले भने 'गतवर्ष र यसवर्ष पनि आफ्नै पैसाले छोरीलाई पोशाक किनि दिएको छु । विद्यालयमा भन्न जाँदा अहिले उपमहानगरपालिकाबाट नआएको भन्दै फर्काउने गरेको छ।' शैक्षिक सत्र समापन हुन मात्र २ महिना बाँकी रहेको अवस्थामा अनियमितता गर्ने उद्देश्यले वितरण नगरिएको अभिभावकहरुको आरोप छ।

त्यस्तै अभिभावक रविन्द्र मण्डलले पनि आफ्ना विद्यार्थीलाई छात्रवृति वापतको पोशाक नदिइएको गुनासो गरे । उनले भने 'अहिलेसम्म पोशाक दिइएको छैन । पोशाक किनिसकेपछि दिने गरिन्छ। त्यो पोशाकको काम हुदैन ।समयमा नदिएर पछि दिनुको कुनै अर्थ छैन।'

सरकारले निशुल्क शिक्षाको व्यवस्था गरेपनि सो विद्यालयले परीक्षा शुल्क वापत प्रत्येक विद्यार्थीसँग ५० रुपैयादेखि एक सय रुपैयासम्म परीक्षा शुल्क लिने गरेको आरोप अभिभावकहरुको छ। अभिभावक केवल मण्डलले - बाँकी पृष्ठ ६ मा



# सन्त रामपालका अनुयायीद्वारा जनकपुरधाममा आमन्त्रण र्‍याली



मधेशदृष्टि
जनकपुरधाम, १ फागुन । सन्त रामपालजी महाराजका अनुयायीहरुले जनकपुरधाममा विशाल आमन्त्रण रयाली प्रर्दशन गरेको छ।

जगतगुरु तत्वदर्शी संत रामपालजी महाराजको बोध दिवसको अवसरमा फाल्गुन ३,४ र ५ गते सतलोक आश्रम धनुषामा हुन गइरहेको विशाल भण्डारा, सत्संग, रक्तदान तथा अखण्ड पाठको कार्यक्रममा सहभागी हुनका लागी समस्त मानव समाजलाई निमन्त्रणा दिने उद्देश्यले सोमबार सन्त रामपालजी महाराजको सान्निध्यमा उनका अनुयायीहरु द्वारा विशाल भव्य र्‍याली निकालिएको हो । बेलाचापी महेन्द्रनगर स्थित सतलोक आश्रम धनुषा बाट निकालिएको उक्त र्‍याली महेन्द्रनगर बजार, जनकपुरका विभिन्न चोकहरु तथा धनुषाधाम हुँदै पुनः सतलोक आश्रम धनुषामा पुगेर समापन भएको छ। करीब ७० कि.मी. को उक्त र्‍यालीमा हजारौंको संख्यामा मोटरसाइकल, कार, जीप, मिनी ट्रक लगायतका यातायातका साधनहरु लिएर अनुयायीहरु सहभागी भएका थिए । भण्डाराका लागी निमन्त्रणा दिंदै कबीर साहेब नै सबै शास्त्रहरुमा लेखिएको भगवान भएको भनेर आह्वान गर्दै र्‍याली अगाडी बढेको थियो । वर्तमान समयमा विश्वमा एक मात्र तत्वदर्शी संत रामपालजी महाराज भएको र १७ फरवरी सन १९८८ को दिन उनले आफ्नो गुरु स्वामी रामदेवानन्द जी संग मन्त्रदिक्षा ग्रहण गरेकाले त्यस महत्वपूर्ण दिनको स्मृतिमा उनको बोध दिवस मनाइएको जानकारी सन्त रामपालजी महाराजका अनुयायीले दिए ।

समाजका सबै विकृतिहरु अन्त्य गरी स्वच्छ,सभ्य समाज निर्माण गर्ने,वास्तविक मोक्ष मार्ग बताएर धरतीलाई स्वर्ग बनाउने र विश्वको उद्धार गर्ने सन्त रामपालजी महाराजको मुख्य उद्देश्य रहेको कुरा पनि अनुयायीहरुले बताए । यही विश्व अभियानलाई सफल पार्न सन्त रामपालजी महाराज तथा उनका अनुयायीहरु हरेक समय लागिपरेको र सोहि अनुरुप परिणाम पनि समाजमा देखिइरहेको दाबी उनको संस्था पूर्ण ब्रह्म कबीर उपासक समाज नेपालका अध्यक्ष कुमार डंगोल गरेका थिए ।

बच्चा देखि वृद्ध सबै उमेर समुहका तथा नेपालका विभिन्न स्थानबाट आएका भक्तजनहरुको उत्साहजनक सहभागीता र्‍यालीमा देखिइयो। प्रशासन को सहयोग भएपनि स्वयंसेवकहरु स्वयंले नै एकदमै मर्यादित ढंगले आफैं र्‍यालीलाई व्यवस्थापन गरी अनुशासित राखेकाले र्‍याली एकदमै उदाहरणीय देखिएको थियो। सन्त रामपालजी महाराजका भक्तजनहरु हरेक कार्यक्रममा अनुशासनको विशेष ध्यान राख्ने गरेको र सो को प्रेरणा पनि आफ्ना गुरुबाट पाएको जानकारी भक्तजनहरुले दिए ।

# नेपाली चेलीको हत्या भएको तीन साता बित्दा पनि लागेन् सुराक

मधेशदृष्टि
रौतहट १ फागुन ।
दुई लाख रुपैया दाईजोमा नपाएको रिसमा एकजना भारतीय श्रीमानले नेपाली चेलीको हत्या गरेको तिनसाता बितिसक्दा पनि कुनै सुराक लाग्न सकेको छैन ।

भारतीय प्रहरीले चासो नलिएको कारण नेपाली चेलिको हत्यामा संलग्न कुनै अभियुक्त पक्राउ पर्न सकेका छैनन । रौतहटको कटहरिया नगरपालिका ५ माईती भएकी २३ बर्षिय रिंकु सोनिको श्रीमान प्रदीप साह सोनारले गत माघ ८ गते हत्यगरी सपरिवार फरार भएको छ। कटहरिया ५ का दिनानाथ साह सोनारकी छोरी रिंकुको श्रीमान भारत बिहार पतांही थानाक्षेत्र अन्तर्गत पदुमकेर गाउँ घरभएका ललन साहका छोरा बर्षिय प्रदीप साहले आफ्नो घरभित्रै हत्यागरि फरार भएको भारतिय प्रहरीले बताउँदै आएको छ।

पतांही थानाका प्रभारी प्रमुख सई अनुज कुमारले सोमबार टेलिफोन मार्फत मधेस दृष्टि संग कुरागर्दै प्रदीप साहले आफ्नो घरभित्रै रिंकुको हत्या गरेर गाउँ छेउमा शव जलाएर रातारात सपरिवार घर छोडेर फरार भएको तथा उसको खोजिभैरहेको बताएका छन् ।

सई कुमारले अभियुक्तहरुको हामी खोजी गरिरहेका छौं उनिहरु घटना पछि नेपालमा गएको हुनुपर्छ तपाईंहरु उता निगरानी गर्नुस भन्दै पन्छिएका थिए । घटनाको दुईदिन पछि मृतककी आमा सोमारी देवी र उसको दाजु पताहिं थानामा जांदा प्रहरीले कुनै वास्ता गरेको थिएन ।

स्थानीयको अनुरोधमा पत्रकार संजय मिश्राको पहलमा गत माघ १२ गते रिंकुको आमा सोमारी देविलेको जाहेरिको आधारमा प्रदीप साह लगायत माथी सई अनुज कुमारले पतांही थानामा एफ आई आर अर्थात हत्या संबंधी मुद्दा दर्ता गरेका थिए ।

मुद्दा दर्ता गरेपछि अभियुक्त लाई पक्राउ गर्न सबै प्रहरी ईकायिहरुमा सूचना गरिसकेका छौं उनले भनेका थिए तर हत्या आरोपी प्रदीप लगायत उसकोपरिवारको हालसम्म अतोपतो छैन।भारतिय प्रहरीले आरोपी पक्राउ पछिमात्र हत्याको कारण खुल्ने बताएको छ। उता ज्वाइँ प्रदीप साहले छोरी मार्फत आफू संग मागेको २ लाख रुपैया दिन नसकेकै कारण उनिहरु मिलेर छोरिको हत्या गरेर बेपत्ता भएको रिंकुकी आमा सोमारी देवीले बताएकी छिन ।

गतमाघ ८ गते सांझ ज्वाइँ प्रदीप साहले फोन गरेर रिंकु सोनिले घरमै पासो लगाएर आत्महत्या गरेकिछिन तपाईहरु आउनुस भनेका थिए , लगत्तै तपाईंहरु आउन ढिलो गर्नुभयो हामिले उसको शव जलाईसकें भनेर ससुराली कटहरियामा फोन गरेका थिए ।

सोपछि गाडी भाडामा लिएर त्यहिदिन राती ११ बजे रिंकुको दाजुभाइ ठुलो बुवा,तथा कटहरिया गाउँका केहि सहयोगी सहित भारत पदुमकेर स्थित ज्वाईको घरमा पुग्दा ज्वाइँ प्रदीप साह सोनारको परिवारको कोई मानिस घरमा नरहेको तथा घरको मुलढोकामा ताला लागेको थियो ।



ज्वाइँ प्रदीप ससुरा ललन साहको समेत मोबाइलको स्विच अफ रहेको रिंकुका भाई संजिवले बताए । करिब ३० बर्ष अघिदेखि रौतहट राजपुर चौकमा सुनचाँदी ब्यवसाय गर्दै आएको ललन साहको छोरा प्रदीप साह संग तिनबर्ष अघि हिन्दु परम्परा अनुसार रिंकु सोनिको बिहे भएको थियो । गत बर्ष पहिलो सन्तानको रूपमा अस्पतालमा छोरिको जन्म भए लगत्तै मृत्यु भएको थियो । सोमारी देवि बजारमा ससाना ब्यापार गरेर परिवारको गुजारा चलाई रहेकी छिन। एकमहिना अघि ज्वाइँ प्रदीपले छोरी रिंकुलाई तिम्रो आमा संग दुईलाख रुपैया माग कुनै ब्यापार गर्छु भनेर भनेका थिए ।आफुहरु आफै आर्थिक संकटमा कहाँ बाट दिने,त्यही पैसा नदिएको कारण ज्वाइँ सपरिवार मिलेर छोरी रिंकुको हत्या गरि शव जलाएर बेपत्ता भएकाले उनिहरु लाई कार्वाहीको दायरामा ल्याउन सहयोगको लागि आमा सोमारी देवीले मधेसदृस्टि लाई आग्रह गरेकी छिन ।

अभियुक्त प्रदीप साह पहिलै देखि कृमिनल माईन्डको मानिस रहेको तथा कुनै पनि संबन्ध गर्नु अघि उसको परिवारको अवस्था तथा सम्पुर्ण बिषयमा जानकारी लिएर मात्र गर्नु उचित हुने ढाका जिल्ला पार्सद दिलिप साहले बताएका छन।

भारत र नेपाल बीच रहेको रोटि बेटिको सम्बन्ध कायम राख्न सबैले ध्यान पुर्याउनुपर्ने उनको भनाईछ।

स्थानियका अनुसार सदियौं देखि हुंदैआएको नेपाली र भारतीय बीच बिहेबारिको सम्बन्ध माओवादी सशस्त्र द्वन्द्व पछि केही कमि भएको छ। तर अहिले पनि तराई मधेसको हजारौं सम्बन्ध वारिपारी बीच हुंदैआएको छ । तथापि मात्र दुईलाख रुपैयाको निमित्त नेपाली चेलीको हत्या भारतिय श्रीमानले गरेको बिषयमा न्यायको लागि प्रदेश र संघीय सदनमा जोरदार आवाज उठाएर भारत सरकारको ध्यानाकर्षण गराउन सके हजारौं नेपाली चेलिको सुरक्षा हुने निस्चित रहेको स्थानियहरुको भनाई छ ।

# साना पाँच पार्टी एकताका लागि पहल शुरु

मधेशदृष्टि
जनकपुरधाम, १ फागुन । मधेस केन्द्रीत साना पाँच दलहरूबिच पार्टी एकीकरणका लागि पहल गरेको छ। सोमबार जनकपुरधामस्थित तराई-मधेश लोकतान्त्रिक पार्टीको केन्द्रीय कार्यालयमा बसेको बैठकले तराई-मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, ऐतिहासिक जनता पार्टी, नेपाल लोकतान्त्रिक पार्टी र राष्ट्रीय सद्भावना पार्टीबिच एकता गर्ने सहमति भएको छ । तमलोपाका वरिष्ठ नेता डा. विजय कुमार सिंहको अध्यक्षतामा बसेको सो बैठक यी पार्टीहरूबिच सहकार्यका निमित्त साझा मुद्दाहरूको पहिचानमा केन्द्रित रहेको तमलोपाका केन्द्रीय सदस्य उमेश मण्डलले जानकारी दिएका छन् । बैठकले सहकार्यको निमित्त अवधारणापत्र र अन्य दस्तावेज तयार गर्न कार्यदलसमेत गठन गरेको नेता मण्डलले जानकारी दिए।कार्यदलमा तमलोपाबाट सतीश लाल दास, नेपाल सद्भावना पार्टीबाट डा. रविन्द्र चौधरी (राजेश), नेपाल लोकतान्त्रिक पार्टीबाट डा. कृष्ण चन्द्र साह, राष्ट्रिय सद्भावना पार्टीबाट रविन्द्र सिंह र ऐतिहासिक जनता पार्टीबाट आनन्द साह रहेका छन्। यी पाँच पार्टीहरूले गत माघ १७ गते नै एकता र सहकार्य अगाडि बढाउने निर्णय गरेका थिए । बैठकमा तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो, ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर, नेपाल लोकतान्त्रिक पार्टीका सह-अध्यक्ष सुरेश प्रसाद गुप्ता, राष्ट्रिय सद्भावना पार्टीका प्रवक्ता राजेश्वर ठाकुर, तमलोपाका सतीश लाल दास, धिरेन्द्र सिंह, योगेन्द्र राय, भोलानाथ झा, बिभा ठाकुर, बिमला साहलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।



# जनयुद्ध दिवसमा कटहरियामा दीप प्रज्वलन



आरके श्रीवस्तव
गरुडा,१ फागुन।रौतहट जिल्लाको कटहरिया नगरपालिकामा जनयुद्ध दिवस मनाइएको छ । सो नगरपालिकाको वडा नम्बर ५ स्थित रहेको विवाह मण्डप भवनको प्रांगणमा सोमवार साँझ जनयुद्ध दिवस मनाइएको हो ।

नेकपा माओवादी केन्द्रको क्षेत्र नम्बर ३ स्तरीय नेता कार्यकर्ताहरुले २८ औं जनयुद्ध दिवसको अवसरमा दीप प्रज्वलन गरेका छन् । शहीदहरुलाई सम्झना गर्दै जनयुद्ध दिवस मनाइएको छ । यसरी कार्यक्रम गरेर भएपनि नेताहरुले शहीदको बलिदानलाई सम्झिएका छन् ।

सोमबार माओवादीका नेताहरुले जनयुद्ध दिवसको अवसरमा कटहरियामा दीप प्रज्वलन गरेका हुन् । दिप प्रज्वलन पछि कार्यक्रमलाइ सम्बोधन गर्दै फतुवा बिजयपुर नगर अध्यक्ष एवम् मेयर प्रत्यासी अजय तिमल्सिनाले महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उच्च सम्मानका साथ हामी यो दिप प्रज्वलन गरेको बताए ।

उक्त कार्यक्रममा माओवादी केन्द्र मधेस प्रदेश सदस्य रामाकान्त चौरसिया ,देवाही गोनाही नगर अध्यक्ष नागेन्द्र कुशवाहा,कटहरिया नपाका बरिस्ठ उपाध्यक्ष दुर्गा साह बानिया,भगल साह बानियाँ सहित माओवादी केन्द्रका नेता कार्यकर्ताको सहभागिता रहेको थियो ।

# नेकपा क्रान्तिकारी माओवादीले मनायो जनयुद्ध दिवस

मधेशदृष्टि
जनकपुर, १ फागुन । जनयुद्ध दिवसको अवसरमा नेकपा क्रान्तिकारी माओवादीले पनि विभिन्न कार्यक्रम गरि मधेश प्रदेश भर नै मनाएका छन् ।

संसदीय व्यवस्थाको विध्वंश गरी नेपालमा नयाँ जनवादी राज्यव्यवस्था निर्माण गर्ने घोषित लक्ष्यका साथ दश वर्षसम्म चलेको जनयुद्धको उद्घोष गरेको दिनको स्मरण, सम्मान र क्रान्तिकारी संकल्पका साथ मुलुक भर विभिन्न आवरणमा छरिएर रहेका माओवादी घटकहरुले जनयूद्ध दिवस विविध कार्यक्रम गरि मनाएको हो ।

मधेस प्रदेशमा नेकपा (क्रान्तिकारी माओवादी)ले तीनवटा जिल्लामा केन्द्रित र अन्य जिल्लामा विकेन्द्रित रुपमा जनयुद्ध दिवस मनाएको छ । नेकपा क्रान्तिकारी माओवादी धनुषाले नगराई नगरपालिका स्थित नगराईनमा जनयुद्ध दिवसको अवसरमा प्रदर्शन तथा सभा गरेको छ ।नगराईन नगरको विभिन्न भागको परिक्रमा गर्दै जनयुद्ध दिवस, शहिद र माओवादीको एजेण्डासहितका विभिन्न कार्यभारहरु पूरा नभएको भन्दै नारावाजीसहित प्रदर्शन समेत गरेका छन् । प्रदर्शन पछि आयोजित सभामा बोल्दै नेकपा क्रान्तिकारी माओवादी धनुषा जिल्लाका सेक्रेट्री शीतल कर्णले जनयूद्धले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भएपनि जनताको शासन अझैसम्म नआएकोले संघर्ष जारी नै रहेको बताएका छन् ।

उनले माओवादी आन्दोलनसँग सत्ता र कुर्सीको मोहमा पुष्पकमल दाहाल प्रचण्डले गद्दारी गरेको आरोप समेत लगाए। उनले जनयुद्ध दिवसको अवसरमा प्रचण्ड नेतृत्वको सरकारले दिएको प्रति सकारात्मक प्रतिक्रिया दिएपनि उनले जनयुद्ध, जनयुद्धबाट प्राप्त उपलब्धी र पार्टीको नाम रहेको नेकपा माओवादी तथा पार्टी झण्डा समेत बदल्न तयार रहेका माओवादी केन्द्रका अध्यक्षले जनयुद्धलाई वीचमै छाडेर गद्दारी गरेको आरोप लगाए ।

सो कार्यक्रममा क्रान्तिकारी माओवादीका नेता नन्दकुमार झाले संसदीय व्यवस्थामा राजनीतिक दलले आफ्नो स्वार्थ पूरा गर्नका लागि जनतालाई बेवास्ता गरेको आरोप लगाए । उनले जनताको वास्तविक व्यवस्था ल्याउनलाई अझैपनि प्रतिक्रियावादी सरकारलाई खबरदारी गराउँदै आन्दोलन गर्नुपर्ने बताए ।

त्यस्तै पार्टीका पीवीएम तथा प्रदेश इन्चार्ज कृष्णदेव सिंह दनुवारले दिएको जानकारी अनुसार सिरहाको गोलबजार, सर्लाहीको हरिवन र रौतहटको गौरमा केन्द्रित रुपमा जनयुद्ध दिवस मनाइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आस मारेको काम बन्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

# स्रोत नखुलेका आठ लाख नेपाली रुपैया सहित एक पक्राउ

मधेशदृष्टि
वीरगंज, १ फागुन ।
भारतको रक्सौलबाट नेपाल तर्फ आई रहेको अवस्थामा सशस्त्र प्रहरी भन्सार गस्ती टोलीले श्रोत खुलाउन नसकेको ८ लाख नेपाली रुपैया सहित एक जनालाई पक्राउ गरेको छ।



सशस्त्र प्रहरी बल बिओपी वीरगञ्ज भन्सारका प्रहरी निरिक्षक रविन्द्र भट्टको कमाण्डमा खटिएको टोलीले रक्सौलबाट वीरगंज तर्फ मोटर साईकलमा आई रहेको अवस्थामा वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ स्थित शंकराचार्य गेटबाट ईनर्वा बस्ने २५ वर्षीय प्रवेश कुमारलाई ८ लाख नगद रुपैया सहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरी पर्साले जनाएको छ । बीआर ०५ एभी ३४७७ नम्बरको भारतीय मोटरसाइकलमा भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा चेकजाँचको क्रममा प्रवेशलाई हेल्मेटभित्र रकम लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा रंगेहात पक्राउ गरिएको सशस्त्र प्रहरीका डीएसपी तथा सहायक प्रवक्ता शैलेन्द्र थापाले जानकारी दिएका छन । अभियुक्तको साथबाट १ हजार दरको ७ सय ५० थान र १ सय दरको ५ सय थान नोट फेला परेको जनाइएको छ।

# आगलागीबाट रुपनीमा लाखौंको क्षति

विनय कर्ण
सप्तरी,१ फागुन । सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर १ स्थित रायपुरमा आगलागी हुँदा लाखौंको क्षति भएको छ।



रुपनी १ बस्ने अनिल नारायण यादवको गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्किएर आगलागी हुँदा लाखौंको क्षति भएको हो। अनिलको गोठ संगै टाँसिएको रामबिलास यादवको गोठघर, मायाराम यादवको फुसको घर, तेजनारायण यादवको फुसको घर, गंगाराम यादवको जस्ताले छाएको घर र नागेन्द्र यादवको जस्ताले छाएको घरमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।
आगलागीबाट रुपनी १ रायपुर बस्ने अनिल नारायण यादवको गोठ घर अन्नपात लताकपडा नगद गरी चार लाख बराबरको क्षति भएको छ भने सोही ठाउँका रामबिलास यादवको घर, अन्नपात लत्ताकपडा, नगद गरी दुईलाख बीस हजार बराबरको क्षति भएको हो।
यसैगरी मायाराम यादवको घर, अन्नपात लत्ता कपडा नगद गरी दुई लाख पचास हजार र तेज नारायण यादवको घर, भान्सा, गोठ घर र अन्य समान गरी छ लाख बैसठ्ठी हजारको क्षति भएको छ। त्यस्तै आगो नियन्त्रणमा लिन गंगाराम यादव र नागेन्द्र यादवको घरको जस्ताको छाना भत्काउनु पर्दा १०/१० हजार गरी कुल १५ लाख ५२ हजार बराबरको क्षति भएको प्रहरी प्रवक्ता नरेशकुमार सिंहले जानकारी दिए। आईतबार राति भएको आगलागीलाई शम्भुनाथ नगरपालिका, राजविराज र मधेश प्रदेश तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालय राजविराजका गरी ३ वटा दमकल र प्रहरीको सहयोगमा नियन्त्रणमा लिईएको थियो।

# जिल्ला समन्वय समिति पर्साको २८ औं साधारणसभा सम्पन्न

मधेशदृष्टि, वीरगंज, १ फागुन।
सामाजिक संस्था जिल्ला समन्वय समिती पर्साको २८ औ बार्षिक साधारण सभा सोमवार वीरगंजमा सम्पन्न भएको छ।
साधारण सभामा आर्थिक बर्ष २०७८/२०७९मा ६ करोड ५८ लाख ८३ हजार ७ सय ९८ रुपैया को आर्थिक तथा बार्षिक प्रगती प्रतिबेदन प्रस्तुत गरिएको छ । त्यसैगरी आर्थिक बर्ष २०७९/२०८० मा ११ करोड ३ लाख ३३ हजार ३ सय २१ रुपैयाको बार्षिक प्रस्ताबित बजेट सामाजिक संस्था जिल्ला समन्वय समिती पर्साका महासचिव रामप्रबेश साहले प्रस्तुत गरेका थिए । सामाजिक संस्था जिल्ला समन्वय समिती पर्साको २८ औ बार्षिक साधारण सभामा बिभिन्न बक्ताहरुले बिधालयमा शिक्षा क्षेत्रलाई गुणस्तर तथा अझ प्रभावकारी बनाउनु पर्ने कुरामा जोड दिएका थिए। सामाजिक संस्था जिल्ला समन्वय समिती पर्साका अध्यक्ष ईब्राहिम देवानको अध्यक्षमा भएको २८ औं बार्षिक साधारण सभामा जिल्ला समन्वय समिती पर्साको उप-सभापति पुरन पटेल, पटेर्वा सुगौली गाउँ पालिका अध्यक्ष दिनेश चौधरी, पोखरिया नगरपालिकाका उप-मेयर रुबी ठाकुर, सामाजिक संस्था जिल्ला समन्वय समिती पर्साका पूर्व अध्यक्ष तथा जनता समाजबादी पाटीका जिल्ला अध्यक्ष रामनरेश यादव, सामाजिक संस्था जिल्ला समन्वय समिती पर्साका संस्थापक अध्यक्ष राजेश पंडीत, पर्सागढी नगरपालिकाका पूर्व नगर प्रमुख लोकनारायण यादव लगायतले मन्तव्य व्यक्त गरेका थिए।

# व्यापारी,सेवा प्रदायक र किसान बिच अन्तरक्रिया

आरके श्रीवास्तव
गरुडा,१ फागुन । रौतहट जिल्लाको गरुडा नगरपालिकामा व्यापारी,सेवा प्रदायक र किसान बिच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सोमवार नगरपालिकाको वडा नम्बर ७ मा एक दिने अन्तरक्रिया कार्यक्रम राखिएको थियो । ग्रामीण उधम तथा विप्रेषण आयोजना (समृद्धि ) जनकपुर कोरिडोर कार्यालय जनकपुरधामको आयोजनामा तरकारी आपूर्ति श्रृखला सम्बद्ध व्यापारी,सेवा प्रदायक र किसान बिच व्यापार विस्तार र समन्वयका लागि अन्तरक्रिया गरिएको थियो।




गरुडा नगरपालिका वडा नम्बर ७ रहेको श्री हनुमान हरिहर तरकारी उत्पादक समूह,जय मातादी हरिहर तरकारी उत्पादक कृषक समूह,बौद्धिमाइ तरकारी उत्पादक कृषक समूह समुहमा आबद्ध किसानहरुको सहभागिता रहेको थियो। श्री हनुमान हरिहर तरकारी उत्पादक समूहका अध्यक्ष अशोक कुमार यादवको अध्यक्षतामा कार्यक्रम गरिएको थियो।
कार्यक्रमको मुख्य उदेश्य समूहहरू द्वारा उत्पादन गरिएका हरियो तरकारीहरूलाई सामुहिक बजारीकरण मार्फत बिक्री गर्नु रहेको छ । साथै समुहहरूलाई वार्षिक तरकारी उत्पादन योजना ,बेमौसमी तरकारी खेती गर्ने प्रक्रिया, गुणस्तरीय विउविजन र यसका फाईदा बारे समेत सेवा प्रदायक,व्यापारीहरुलाइ व्यापारी मन्वारुल अन्सारी द्वारा जानकारी गराईएको थियो।
यो कार्यक्रम मिति २०७९ फाल्गुन २ र ३ गते जिल्लाको राजपुर नपा र यमुनामाई गाउँपालिकामा समेत रहेका तरकारी समुह बिच गरिने आयोजनाका कर्मचारी विष्णुदेव झा र अकिल अहमदले अंसारी जानकारी गराए।

# बारामा एकलाख भन्दा बढि मेट्रिक टन आलु उत्पादन

मधेशदृष्टि
वीरगंज, १ फागुन।
बारा जिल्लामा यस वर्ष १ लाख २१ हजार ६२ मेट्रिक टन आलु उत्पादन भएको छ । यस वर्ष बारामा किसानले ७ हजार ४५० हेक्टरमा खालु खेती गरेकोमा प्रतिहेक्टर सवा १६ मेट्रिक टनका दरले आलु उत्पादन भएको कृषि ज्ञान केन्द्र बाराका प्रमुख जितेन्द्र यादवले जानकारी दिएका छन।
धेरै किसानले कम लगानीमा बढी फाइदा हुने नगदेबाली उखु खेती र माछापालन गर्दै आएको भएपनि बजारको समस्या भएपछि यस वर्ष जिल्लामा किसानहरु आलु खेतीतर्फ आकर्षित भएका हुन्।
गत वर्षको तुलनामा यस वर्ष आलु खेती गरिएको क्षेत्रफल ३० हेक्टरमा बढेको छ । यादवका अनुसार, बारामा गत आर्थिक वर्ष २०७८/७९ मा सात हजार ४२० हेक्टरमा आलु खेती गरिएकामा प्रतिहेक्टर १६ मेट्रिक टनका दरले कुल एक लाख १८ हजार ७२० मेट्रिक टन आलु उत्पादन भएको थियो।
धान पाक्ने बेलामा वर्षा कम हुँदा समयमै आलु खेती भएकाले गत वर्षको तुलनामा यस वर्ष ३० हेक्टर बढी क्षेत्रफलमा खेती भए पनि आलु उत्पादनमा भने कमी आएको कृषि ज्ञान केन्द्र बाराका सूचना अधिकारी रामजीवन ठाकुरले जानकारी दिए । अरू जातको तुलनामा शिवचालिस र लालमुनि जातको आलु बढी उत्पादन हुने भएकाले अधिकांश किसानले यी दुई जातको आलुको खेती गर्ने गरेका छन्। बारामा उत्पादित आलु कलैया बजारलगायत हाटबजारमा प्रतिकिलो २०-२५ रुपियाँमा बिक्री भइरहेको छ ।बाराको उचिडिह, हरिहरपुर, गोलागञ्ज, अमृतगञ्ज, देवापुर, भगवानपुर, पिपरपाती, बरियारपुर, मटिअर्वालगायतका ठाउँ आलु खेतीको पकेट क्षेत्र भए पनि प्रायः सबै क्षेत्रमा आलु खेती हुने गरेको कृषि ज्ञान केन्द्र बाराका बाली विकास अधिकृत राजनारायणप्रसाद साहले बताउनुभयो । बजारमा अहिले प्रतिकेजी २०-२५ रुपियाँमा आलु बिक्री भइरहे पनि किसानबाट व्यापारीले १७-१८ रुपियाँमा खरिद गर्ने गरेको कलैया उपमहानगरपालिका-१३, धर्मनगर टोलका किसान वीरेन्द्र मण्डलले बताए। आलुको बीउ खरिद मूल्यको आधा भाउमा आलु बिक्री गर्नुपर्ने बाध्यता रहेको अर्का किसान अवधकिशोर महतोले बताए।

# गरूडामा किशोरी सिकाई केन्द्रको संयुक्त अनुगमन

आरके श्रीवास्तव
गरूडा,१ फागुन । युके एडको आर्थिक सहयोगमापिननेपालकोप्राबिधिक सहयोगमा तथा आसमान नेपालको आयोजनामा संचालित आरम्भ परियोजना अन्तर्गत संचालित गरूडा नगरपालिका, रौतहटको बिभिन्न वडामा संचालित किशोरी सिकाई केन्द्रहरु नगर प्रमुख कन्थमी जयसवालको अध्यक्षतामा सोमबार संयुक्त अनुगमन सम्पन गरिएको छ। अनुगमनमा गरूडा नगरपालिकाका नगर प्रमुख जयसवाल सँगै उपमेयर पुनम कुमारी चौधरि,वडा नम्बर १ का वडा अध्यक्ष शेख वहाब, शिक्षा संयोजक सरोज गौतम,सह संयोजक शेख चाँद अलि,आसमान नेपालका अध्यक्ष रामप्रवेश यादव, आसमान नेपालका कार्यक्रम संयोजक जमुना श्रेष्ठ,शिक्षा अधिकृत अरविन्द कुमार साह,परियोजना प्रबन्धक संजिव गुप्ता,योजना शाखाका रामानन्द सहनी,महिला बालबालिका शाखाकी अस्मिता यादव,लगायत सञ्चारकर्मीको उपस्थिति रहेको थियो । गरूडा नगरपालिकामा १६ वटा किशोरी सिकाई केन्द्र मार्फत ३५७ जना किशोरीहरु सो कोशोरी सिकाई केन्द्रमा अध्ययनरत छन् जस मध्ये वडा नं १, २, ८ र ९ मा रहेको ८ वटा केन्द्रको अनुगमन गरिएको छ।




अनुगमनको क्रममा किशोरीहरुको प्रगति बिवरण, सिकाई स्तर,केन्द्र व्यवस्थापन समिति, चेन्ज च्याम्पियन र अभिभावकको सहयोग तथा आएका समस्याहरुको बारेमा छलफल गरिएको थियो।
समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षा सह संयोजक चाँद अलीले निरन्तरता दिन स्थानिय सरकार लाग्नु पर्ने सुझाव दिए।
कार्यक्रमलाई समापन गर्दै नगर प्रमुख जयसवालले साक्षर पालिका घोषणा गर्न तिव्र गतिमा लाग्ने भन्दै यसलाई निरन्तरता दिइने जनाए । गरुडालाइ छिट्टै साक्षर पालिका घोषणा गरिने उनले बताए।

# सरकारी अस्पतालमा गुणस्तरीय सेवा पाउँदा विरामीको चाप बढ्यो

मुकेश कुमार यादव
सिरहा, १ फागुन । मिर्चैया अस्पतालले निःशुल्क र गुणस्तरीय सुत्केरी सेवा दिन थालेपछि सुत्केरी गराउनेको चाप बढ्न थालेको छ। सामान्य देखि अप्रेशन गरेरै सुत्केरी गराउनेहरुलाई लाग्ने सम्पूर्ण औषधी र उपचार खर्च निःशुल्क भएपछि सेवाग्राहीको चाप बढेको हो।




नगरपालिकाले आफ्नै स्रोत साधनबाट गुणस्तरीय, निःशुल्क र चौविसैघण्टा सुत्केरी सेवा प्रवाह गरेकाले सुत्केरी लगायतका अन्य विरामी उपचार गराउन आउने संख्या बढेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट स्त्री तथा प्रसुतीरोग विशेषज्ञ डा.सारीका गोइतले जानकारी दिईन्।
अस्पतालले दिने सुविधा र विश्वासनियताकै कारण दिनानुदिन प्रसुति सहितका उपचारमा आउने सेवाग्राहीको संख्या बढेको उनले बताईन् । अझैपनि अप्रेशन गर्नुपर्ने अवस्था आउँदा त्यस्तो वेला खर्चका कारण डराउने गरेको मेसु डा. गोइतले बताईन् । उनले भने, ‘ त्यस्तो अवस्थामा हामी पहिला नै सुत्केरी वसेको वडेमा अप्रेशन गर्दा आवश्यक पर्ने औषधीको कार्टुन नै राखिदिन्छौं र यसको पैसा तिर्न पर्दैन भनिदिन्छौ, यसले पनि सवैखालका सुत्केरी गराउन आउनेको संख्या बढेको हुनुपर्छ।’
अस्पतालले सरकारद्वारा प्रदान गरिँदै आएको सुत्केरी महिलालाई दिने भत्ता प्रसूति गृहमा सुत्केरी भएर घर फर्कने बेला हातैमा दिनेगरेको मेसु गोईतले जानकारी दिइन् । उनले थपीन, ‘अस्पतालमा सुत्केरी गराउँदा पाउने यातायात खर्च बापतको एक हजार र चार पटकभन्दा बढी गर्भजाँच गराएकोभए थप आठसय घर सुत्केरी गराएर घर फर्किदा हातैमा हालिदिन्छौं।’
चालु आर्थिक वर्षको ७ महिलनामा एक हजार एक सय ५० जना सुत्केरी भएको छ। सुत्केरी भएकामध्येये एक सय २५ जनाको अप्रशनबाट सुत्केरी गराएको अस्पताल प्रशासनले जनाएको छ ।प्रशुति सेवा, बालरोग विशेषज्ञ सेवा, सामान्य मेडिसिन सेवा, एक्सरे, ल्यावसेवा सहित अस्पतालको लागि आवश्यक सवै पूर्वाधार भएकाले सुरक्षित सुत्केरी गराउन अस्पताल सक्षम रहेको अस्पताल प्रशासनले जनाएको छ।
प्राथमिक स्वास्थ्य केन्द्रको जनशक्ति र नगरपालिकाले थप गरेका जनशक्तिबाट अहिले १५ शैयाको अस्पताल सञ्चालन भईरहेको स्वास्थ्य शाखा प्रमुख विजय कुमार सिंहले बताए।
उनले अस्पताल विकास समितिको अध्यक्षमा मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादव आफै अध्यक्ष रहेकाले पनि काम गर्न धेरै सजिलो भएको स्वास्थ्य शाखा प्रमुख सिंहको भनाई छ।
अस्पतालका सवै निर्णय प्रकृयामा मेयर आफै भएकाले कार्यान्वयनमा पनि सजिलो हुने गरेको उनको भनाई रहेको छ।
अस्पताल विकास समितिका अध्यक्ष समेत रहेका मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादवले सामान्य जनतालाले सहज ढङ्गले उपचार पाउन भन्ने उदेश्य सहित अस्पतालको सेवा विकास गर्न लागेको बताए। उनले भने, ‘नेपालको संविधानले नै निशुल्क आधार भुत स्वास्थ्य सेवा पाउनु नैसर्गिक अधिकारको रुपमा व्याख्या छ। त्यसलाई कार्यान्वय गराउने जिम्मा स्थानीय सरकारको पनि हो। यो संविधानको कार्यान्वयन गर्ने अभ्यास पनि हो।’
मेयर यादवले अस्पताललाई पूर्णरुपमा सवै सेवा पाउने गरी विकास गर्न लागिरहेको बताए। उनले स्वास्थ्य सेवामा चालु आर्थिक वर्षकोलागि ५० लाख रकम छुट्याएको बताउँदै यसको ६० प्रतिशत भन्दा धेरै रकम यहि अस्पतालको विकासमा खर्च हुने पनि सुनाए । सुत्केरी, बालरोग लगायतका अन्य समस्या लिएर निजि अस्पताल जान बाध्यता भएका यसक्षेत्रका सेवाग्राहीले गुणस्तरीय सेवा सुविधा पाएपछि सुत्केरी सहितका अन्य विरामीहरुले उपचार गराउन जानेको संख्या ह्वात्तै बढेको छ।

# ऋण तिर्न नसकेर शान्ताले गरिन आत्महत्या

डम्बर राई
कञ्चनरुप १ फागुन । सप्तरीको कञ्चनरुप नगरपालिका ९ स्थित विष्णु मन्दिरटोल नयाँवस्तीकी ४५ बर्षिया शान्ता भुजेलले ऋण तिर्न नसकेर आत्महत्या गरीन्।
तीनवटा वित्तिय संस्थाबाट लिइएको ऋणको किस्ता बुझाउन नसकेर तनावमा परेकी भुजेल दुईदिन देखि बेपत्ता भएकी थिइन् । सम्पर्क विहिन रहेकी भुजेलले घरदेखि चारसय मिटर पश्चिम आँपको रुखमा झुण्डिएर आत्महत्या गरेको स्थानियहरुको भनाई छ।
सोमबार बिहान ८:३० बजेको समयमा आँपको रुखमा झुण्डिएको स्थानिय बालवालिकाले देखेर हल्ला गरेपछि प्रहरीलाई खबर गरेको स्थानिय समाजसेवी राज कुमार महत्तोले बताए।
मखन पोखरेलको वडा नम्बर १२ स्थित सुन्दरीटोलमा संचालित लाइन होटलमा कार्यरत मृतकका पति भिम बहादुर भुजेलको अनुसार वित्तिय संस्था बाहेक गाउँघरकै छरछिमेकहरुको पनि ऋण थियो तर यथार्थ म भन्न सक्दिन। वित्तिय संस्थाबाट उठाएको ऋणको किस्ता तिरिदै छ तर उसैले बुझाउने गरेकोले के कति तिर्‍यो र बाँकी कत्ति ? आफुलाई थाहा नभएको उनले बताए।
वित्तिय संस्थाहरुका कर्मचारीहरुले किस्ता ढिला गरेको भन्दै पटक पटक गाली गरेको सुनेको थिए उनले भने । धरमपुर जान्छु भनेर हिडेकी थिइन् राती घर आए नआएको थाहाभएन तर बिहान यो अवस्थामा देखे भन्दै उनले चिन्ता व्यक्त गरे।
पछिल्लो समयमा ऋणको बोझका कारण सप्तरीमा चरणवद्ध आत्महत्या हुदै आएका छन् । बैंक तथा वित्तिय संघ संस्थाका ऋण र यसका किस्ता एवं यस बाहेक गाउघरमा व्यक्तिबाट लिइएका ऋणको चक्रवर्ती व्याज समयमा तिर्न नसक्दा वाध्यत्मक आत्महत्याको रुप देखा परेको घटना सावित भएका छन्। यसअघि माघ ९ गते राती छिन्नमस्ता गाउपालिका २ का ४५ बर्षिय रामदेव मरिकले पनि ऋण तिर्न नसकेर रुखमा झुण्डिएर आत्महत्या गरेका थिए।

सम्पादकीय

# सरकारीमा सुधार निजीमा नियमन

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव प्रदेश राजधानी जनकपुरधामा आयोजित एक कार्यक्रममा निजी अस्पतालहरुका विरुद्ध खनिए । उनले निजी अस्पतालबाट हुने ठगी तथा गलत क्रियाकलाप विरुद्ध निर्मम हुने मुख्यमन्त्रीको उद्घोषको कुन हदसम्म कार्यान्वयन हुने वा होइन त्यो त समयक्रममा देखिने कुरा हो ।

मुख्यमन्त्रीले स्वास्थको सुधारका लागि जस्तो सुकै कदम चाल्न तयार रहेको जानकारी पनि उनले दिएका छन् । सामाजिक विकास मन्त्रालयको अर्ध वार्षिक समीक्षा कार्यक्रमका मुख्य अतिथि यादवले औपचारिक भाषणमात्र गरेका हुन् वा सरकारको घोषित नीति अन्र्तगत वत्तव्य दिएका हुन् त्यसको छिनोफानो हुनेनै छ ।

मुख्यमन्त्रीले निजी क्षेत्रबाट संचालित अस्पतालहरुको आलोचना गर्नु स्वभाविक नै हो । अधिकांश निजी अस्पताल कानूनी प्रक्रिया र पूर्वाधार अभावमा संचालित छन् । सेवा, सुविधा कम, शुल्क धेरै तिनिहरुको विशेषता हो । जनकपुरधामकै कुरा गर्दा जनकपुरधाम उपमहानगरपालिकाले केही महिना अघि नगरपालिका भित्र संचालित अस्पतालहरुलाई दर्ता हुन आग्रह गरेको थियो ।

समयसीमा दिएर गरिएको सूचना कार्यान्वयमा भने गएन । तै चुप मै चुपको शैलीमा नगरपालिको सूचना त्यत्तिकै थन्कियो । जनकपुरमात्र होइन शहर बजार जताततै निजि अस्पतालहरु खुलेका छन्, संचालनमा छन् । ती अस्पतालले दिने सेवा सुविधा र शुल्कबारे सरोकारवाला बेखबर जस्तै बनेको अवस्था छ ।

त्यसोत मुख्यमन्त्रीले सरकार अन्र्तगतका प्रादेशिक अस्पतालहरु सबैलाई रुपान्तरण गर्ने, प्रदेशस्तरका अस्पतालहरुलाई २ सय वेडको बनाउने र त्यसपछिमात्र निजी क्षेत्रबाट संचालित अस्पतालहरु माथि कारवाही थाल्ने संकेत गरेका छन् । जिी क्षेत्रको सेवा, सुविधा र उनीहरुको सरकार, स्थानीयतहको प्रक्रियामा आएका छन् वा छैनन् भनेर निगरानी गर्ने काम सरकारको हो । यस बाहेक निजी क्षेत्र जसले आफ्नो लगानी लगाएर आएका छन्, उनीहरुलाई किचकच गर्न मिल्दैन ।

सरकारको काम आफ्ना सेवा र संरचनामा ध्यान दिने हो । आम नागरिकको पहुँचमा सरकारी सेवा छ कि छैन । जनताले सरकारी सेवालाई कुन हदसम्म रुचाएका छन् त्यता ध्यान दिन जरुरी छ । निजी अस्पतालहरुको लगानी कर्ता र संचालक सरकारी अस्पतालकै जिम्मेवारहरु समेत हुन्छन् ।

कतिपयले सरकारी अस्पतालमा उपचार गर्न आएकाहरुलाई आफ्नो अस्पतालमा पुर्याउँछन् । विकृती जताततै छ । सरकारले सुरुमा आफैबाट सफाई गर्ने हो । प्रदेश राजधानी जनकपुरघामको प्रदेश अस्पतालको हालतलाई सुधार गर्नुपर्ने दायित्व सरकारको हो । निजीको विरोध गर्न सकिन्छ । तर, आफ्ना अस्पतालहरुको दुरावस्ताबारे अनदेखा बन्न मिल्दैन ।

सरकारले सबै सेवा आफैले दिन सक्तैन । यसका लागि निजी क्षेत्रको सहयोग आवश्यक हुन्छ । निजी क्षेत्रको अनुगमन भने सरकारले गर्ने हो । आवश्यक पर्दा निजी क्षेत्रले सरकारबाट प्रोत्साहन र सहयोग खोजिरहेको हुन्छ । उनीहरुसँग समन्वय हुनुपर्दछ । निजी क्षेत्रले पनि स्वास्थलाई अन्य बस्तु र सेवा जस्तो मुनाफायुक्त व्यापार मान्न हुँदैन । स्वास्थ मानवीय सेवा हो । मानवीय सेवा गरेर मेवा खाने सोच बनाउनुपर्दछ ।

स्वास्थ सेवा नागरिकको नेसर्गिक अधिकार हो । मौलिक अधिकार भित्र पर्दछ स्वास्थ सेवा । तर के संविधानमा लेखे जसरी आम नागरिकले स्वास्थ सेवा पाएका छन् त ? प्रश्नहरु अनुत्तरित छन् । सरकारी अस्पतालहरुको व्यवस्थापन, अपर्यप्तता, चिकित्सकहरुको जागिरे प्रवृति सबै भन्दा ठूलो रोग हुन् ।

यि रोगहरुकै कारण निजी अस्पतालहरुको बाढी आएको हो भन्ने यथार्थलाई भुल्न हुँदैन । पहिला सरकारी अस्पताहलाई अस्पताल जस्तो बनाऔ, भौतिक, प्राविधिक र जनशक्तिको हिसावले । सरकारी अस्पतालको सेवा दिने शैली सुधारौं तिनलाई नागरिकको भरपर्दो सेवा दिन सक्षम बनाऔं ।

सरकारी अस्पतालबाट भरपर्दो र विश्वासिलो सेवा उपलब्ध भयो निजी अस्पताल आफै साइजमा आउँछन् । मुख्यमन्त्रीले निर्मम हुने होइन, नियन्त्रण र नियमन गर्ने हो ।

# प्राकृतिक स्रोतमा राजनीतिक लडाइँ

*मानव जातिका लागि पानीको अर्को विकल्प नभएकाले पानी सधैँ उसको प्राथमिकतामा पर्ने गरेको छ। यही कारणले गर्दा छिमेकी बिचमा, समुदाय बिचमा र राष्ट्र-राष्ट्र बिचमा हुने पानी विवाद निकै घातक हुने गरेका छन् ।*



– युवराज काडेल

यस अघि नै अर्थमन्त्री हुँदा नेकपाका महासचिव विष्णु पौडेलले चुनावताका बुटवलमा आयोजित विभिन्न कार्यक्रमहरूमा सम्बोधन गर्दै सरकारले कालीगण्डकी नदीलाई डाइभर्सन गरेर तिनाउमा झार्ने र यसबाट बहुउद्देश्यीय परियोजना सञ्चालन गरेर पर्यटन, सिँचाइ र खानेपानी सुविधा प्रदान गर्ने बताए। उनले गण्डकी प्रदेश सरकारले डाइभर्सनको विरोध गरेको सुनेकाले आफूले गण्डकी प्रदेश सरकार र नागरिकलाई खुसी बनाएर डाइभर्सन सफल पार्ने बताएको भोलिपल्ट नै स्याङ्जामा आफ्नै दलकी नेतृ पद्मा अर्यालले कुनै हालतमा कालीगण्डकी डाइभर्सन बनाउन नदिने भन्दै भाषण गरिन्। लुम्बिनी प्रदेशमा कालीगण्डकी डाइभर्सनका कुरा गरेर चुनाव जित्दा गण्डकी प्रदेशमा भने कुनै हालतमा पनि कालीगण्डकीको पानी लैजान नदिने भएर नेताका भाषण र जनस्तरका आन्दोलनहरू भइरहेका छन्। राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना निर्माण सम्पन्न नहुँदै दुई प्रदेशबिच मतभेद सुरु हुन थालेको छ। तीन वर्षअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र लुम्बिनी प्रदेशका तत्कालीन मुख्यमन्त्री शंकर पोखरेल उपस्थित भेरी-बबई डाइभर्सनको सुरुङ ‘ब्रेक थ्रु’ समारोहमै मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कर्णाली प्रदेश र विशेष गरी सुर्खेतका भेरी करिडोरका बासिन्दाले पाउने लाभका विषयमा चाँडो टुङ्गोमा पुग्न आग्रह गरेका थिए। यदि लुम्बिनी प्रदेशले सिँचाइ सुविधा पाउने हो भने जलविद्युत् आयोजना उपहारस्वरूप कर्णाली प्रदेशलाई दिनुपर्ने उनको जोड थियो। उक्त कार्यक्रममै शंकर पोखरेलले आयोजना निर्माण कार्यको प्रशंसा गरे पनि कर्णालीले पाउनुपर्ने लाभका बारेमा केही बोलेनन्। द्रुतगतिमा अघि बढिरहेको आयोजनालाई लिएर दुई प्रदेशबिच असमझदारी बढ्ने सङ्केत देखेपछि ओलीले प्रदेश, स्थानीय र सङ्घीय सरकारको ‘मित्रताको कार्यक्रम’ का रूपमा यस आयोजनालाई लिन आग्रह गरेका थिए।

सङ्घीयताको कार्यान्वयनसँगै प्रदेश निर्माणको क्रममा केही नदीहरू प्रदेशका सीमा नदीहरू बनेकाले ती नदीहरूको उपयोगलाई लिएर प्रदेशहरूबिचमा विवाद देखिन थालेका छन्। आउँदा दिनहरूमा यस्ता विवादहरू अझ बढ्दै जाने निश्चित छ।

बबई-भेरी डाइभर्सनको काम तीव्रगतिमा अघि बढिरहँदा कर्णाली प्रदेश सरकारले नरम भएर लाभको माग गरिरहेको छ भने स्थानीयवासीले सरोकार समिति नै बनाएर ‘प्रभावित क्षेत्रमा पूर्वाधार विकास, उचित मुआब्जा, रोजगारीको प्रत्याभूति तथा भेरी कोरिडोरको विकासका लागि उच्च प्राथमिकताका साथ बजेट विनियोजन नगर्दासम्म पानी लैजान नदिने बताइरहेका छन्। यता कालीगण्डकी सेरोफेरोका बासिन्दाहरूले पनि नदी डाइभर्सन गरेर लैजाँदा नदी छेउछाउको क्षेत्र सुख्खा हुने, सिँचाइ र जैविक विविधतामा असर पर्ने भन्दै पानी लैजान नदिने भन्दै सङ्घर्ष समिति नै बनाएर सङ्घर्षका कार्यक्रम गरिरहेका छन्। भेरी र गण्डकीको पानी डाइभर्सन बनाएर प्रदेशमा ल्याएर प्रदेशलाई समृद्ध बनाउने चुनावी घोषणा गरी हिँडेर चुनाव जितेका लुम्बिनी प्रदेशका नेताहरूलाई यी विवादले पक्कै पनि झसङ्ग बनाएको हुनुपर्छ।

देश सङ्घीयतामा गएपछि विगतमा एउटै क्षेत्रमा परेका नदीहरू, वन-जङ्गल र संरक्षण क्षेत्रहरू अलग-अलग क्षेत्रमा परेका छन् ।

मानव जातिका लागि पानीको अर्को विकल्प नभएकाले पानी सधैँ उसको प्राथमिकतामा पर्ने गरेको छ। यही कारणले गर्दा छिमेकी बिचमा, समुदाय बिचमा र राष्ट्र-राष्ट्र बिचमा हुने पानी विवाद निकै घातक हुने गरेका छन्। बौद्ध साहित्यहरूमा उल्लेख भएअनुसार कपिल र कोलीय राज्य बिचमा रोहिणी नदीको पानीको विषयमा बारम्बार युद्धहरू भएका थिए। छिमेकी राष्ट्र भारतमा अहिले पनि राज्यहरू बिचमा नदीको पानीको वितरण र स्वामित्वलाई लिएर अन्तरराज्य सङ्घर्षहरू भइरहेका छन्। सिँचाइ र खानेपानीको लागि पानीका स्रोतहरूको स्वामित्वलाई लिएर नेपालमा गाउँलेहरूबिचमा झगडा भएका, नदीजन्य स्रोतहरूको विषयमा स्थानीय तहहरूबिच विवाद भएका खबरहरू आइरहे पनि ठुला नदीहरूको उपयोग केन्द्रीय नीतिअनुसार हुने गरेकाले विगतमा नेपालमा पानी विवाद भएका थिएनन्। सङ्घीयताको कार्यान्वयनसँगै प्रदेश निर्माणको क्रममा केही नदीहरू प्रदेशका सीमा नदीहरू बनेकाले ती नदीहरूको उपयोगलाई लिएर प्रदेशहरूबिचमा विवाद देखिन थालेका छन्। आउँदा दिनहरूमा यस्ता विवादहरू अझ बढ्दै जाने निश्चित छ।

प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको तीनै सरकारहरू बिचमा समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने र लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुनबमोजिम वितरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

विगतमा नदीजन्य पदार्थ गिटी, बालुवा ठेक्कामा जिविसहरू संलग्न भए पनि अन्य प्राकृतिक स्रोतमा भने स्थानीय तहहरूको संलग्नता हुन पाउँदैनथ्यो। गाउँलेबिचमा कुलो-पानीको प्रयोगलाई लिएर केही विवाद भए पनि ठुला नदी, वन-जङ्गल र संरक्षण क्षेत्रको उपयोगको अधिकारलाई लिएर जिल्ला -जिल्ला र स्थानीय निकायबिचमा विवाद भएको सुनिँदैनथ्यो। देश सङ्घीयतामा गएपछि विगतमा एउटै क्षेत्रमा परेका नदीहरू, वन-जङ्गल र संरक्षण क्षेत्रहरू अलग-अलग क्षेत्रमा परेका छन् । विगतको उपयोगको आधारमा प्राकृतिक स्रोतहरूलाई आफ्नो सम्पत्ति मानेर स्थानीय सरकार र प्रदेश सरकारले समृद्धिको स्रोतको रूपमा लिएर त्यसैको आधारमा विकास योजनाहरू बनाउन थालेका छन्। यही क्रममै अहिले स्थानीय तह र प्रदेशको सीमा क्षेत्रमा रहेका साझा नदी, वन-जङ्गल, धार्मिक र पर्यटकीय क्षेत्र, संरक्षण क्षेत्रको लाभको अधिकार आफूले पाउनुपर्ने दाबी गर्ने क्रम बढेकाले अन्तर सरकार विवादहरू सतहमा आउन थालेका हुन्।

प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्राप्त अधिकारहरूलाई हेर्दा यो आयोगले प्राकृतिक स्रोतको विवाद समाधान गर्नेभन्दा पनि प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको बाँडफाँडलाई आफूमा केन्द्रित गर्ने देखिएको छ।

नेपालको संविधान २०७२ को अनुसूची ७ ले प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधताका साथै अन्तर प्रादेशिक रूपमा फैलिएको जङ्गल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोगलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। संविधानको धारा ५९ साझा अधिकारका विषयमा र आर्थिक अधिकारका अन्य विषयमा समेत सङ्घले प्रदेशलाई समेत लागू हुने गरी नीति, नियम र मापदण्ड बनाउन सक्ने व्यवस्था गरेको छ। त्यसैगरी, सोही धाराले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको तीनै सरकारहरूबिचमा समन्यायिक वितरणको व्यवस्था गर्नुपर्ने र लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुनबमोजिम वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। संविधानको धारा २५१ ले प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तय गरी सिफारिस गर्ने अधिकार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई दिएको छ। प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबिच उठ्न सक्ने सम्भावित विवादको निवारण गर्न यही आयोगले नै समन्वयकारी भूमिका खेल्ने उल्लेख छ। यही संवैधानिक व्यवस्था कार्यान्वयनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ समेत बनिसकेको छ । यो ऐनले आयोगलाई प्राकृतिक स्रोतको संरक्षण र उपयोगका विषयमा सङ्घ, प्रदेश र स्थानीय सरकारलाई आवश्यक सुझाव दिने तथा राजस्व बाँडफाँडको विषयमा उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्नेलगायतका अधिकारहरू प्रदान गरेको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्राप्त अधिकारहरूलाई हेर्दा यो आयोगले प्राकृतिक स्रोतको विवाद समाधान गर्नेभन्दा पनि प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको बाँडफाँडलाई आफूमा केन्द्रित गर्ने देखिएको छ। नेपालको संविधान २०७२ को धारा २३४ ले सङ्घ तथा

- *बाँकी पृष्ठ ६ मा*

> “देश सङ्घीयतामा गएपछि विगतमा एउटै क्षेत्रमा परेका नदीहरू, वन-जङ्गल र संरक्षण क्षेत्रहरू अलग-अलग क्षेत्रमा परेका छन्। विगतको उपयोगको आधारमा प्राकृतिक स्रोतहरूलाई आफ्नो सम्पत्ति मानेर स्थानीय सरकार र प्रदेश सरकारले समृद्धिको स्रोतको रूपमा लिएर त्यसैको आधारमा विकास योजनाहरू बनाउन थालेका छन्। यही क्रममै अहिले स्थानीय तह र प्रदेशको सीमा क्षेत्रमा रहेका साझा नदी, वन-जङ्गल, धार्मिक र पर्यटकीय क्षेत्र, संरक्षण क्षेत्रको लाभको अधिकार आफूले पाउनुपर्ने दाबी गर्ने क्रम बढेकाले अन्तर सरकार विवादहरू सतहमा आउन थालेका हुन् ।

# आधुनिक शिक्षा प्रणालीको मुल दस्तावेजः राष्ट्रिय पाठ्क्रम प्रारुप



– उदय कुमार यादव

राष्ट्रिय पाठ्यक्रम प्रारुप नेपालको विद्यालय शिक्षाको मुल दस्तावेज हो । .किनकी यसले नै विद्यालय शिक्षालाई व्यवस्थित गरी एक्काईसौं शताब्दी अनुकुल बालबालिकाहरुलाई शिक्षा दिन सक्छ । समय सापेक्ष सक्षम र सबल तुल्याऊनसक्ने शिक्षा प्रदान गर्न पाठ्यक्रम विकास,निर्माण तथा कार्यान्वयन गर्ने नीति,सिकाईका क्षेत्रहरु,शिक्षण सिकाई क्रियाकलापहरु तथा व्यवस्थापन सम्बन्धी संपूर्ण दृष्टिकोण उल्लेख गरिएको विद्यालय शिक्षाको मुल दस्तावेजलाई नै बुझाउँछ । जसबाट विषय गत अन्यौल पाठ्यक्रमको समावेशीकरण र स्थानीयकरण,पाठ्यक्रम, शिक्षक विद्यार्थी र विद्यालय लगायत शैक्षिक अनुसन्धान आदि पक्षहरुमा देखा पर्ने समसामयिक समस्या समाधानमा सहयोग पुग्नुका साथै शिक्षाको पहुँच र समानता,सान्दर्भिकता र गुणस्तरियता जस्ता विभिन्न पक्षमा आवश्यक सुधार हुनगई सबैका लागि शिक्षाका अवसरहरु अभिवृद्धि गर्न मदत पुग्नेछ । जसमा पाठ्यक्रम सम्बद्ध समसामयिक पक्षहरुमा लगायत विभिन्न मुद्दा र चुनैतीहरु लगायत पाठ्यक्रम निर्माणका सिद्धान्त,विद्यालय शिक्षाको उदेश्य,संरचना खुला शिक्षा तथा शैक्षिक व्यवस्थापन सँग सम्बन्धित नीतिगत दृष्टिकोण पनि प्रस्तुत गरिएकोछ।

यस अन्तर्गत उत्पादनशील ,सिर्जनशील,गुणात्मक ,रोजगार मुलक र विश्व परिवेशानुकुल शिक्षाको व्यवस्थापन गर्न,सुसंस्कृत तथा प्रतिस्पर्धी र समतामुलक समाज स्थापनाकालागि यो विद्यालय स्तरीय पाठ्यक्रमको प्रारुप तयार गरिएको हो।

प्रचलित राष्टिय योजना,सबैकालागि शिक्षा कार्यक्रम,माध्यमिक शिक्षा सहयोग कार्यक्रम,विद्यालय क्षेत्र सुधार कार्यक्रम लगायत विद्यालय शिक्षाको संरचनालाई कक्षा १देखि ८ लाई अधारभुत माध्यमिक ९देखि १२ लाई माध्यमिक तह गरिएको छ । हाल विश्वव्यापीकरणका सम्बन्धमा र सन्दर्भमा अभ्यासमा रहेका सुचना तथा सञ्चार प्रविधि ,जीवन उपयोगी सीप,कार्यको संसार,मानव अधिकार, बाल अधिकार,समावेशीकरण जस्ता समेत यो प्रारुपले सम्बोधन गर्ने जमर्को गरेकोछ। जसबाट प्रजातान्त्रिक शत्तिको र संस्कृतिको विकासको सहयोग पुग्ने विश्वास लिईएको छ। नेपालको संदर्भमा पहिलो पटक यो राष्ट्रिय पाठ् यक्रमको प्रारुप २०६३ मा निर्माण भएको देखिन्छ ।

**राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३को औचित्य :**

नेपालको सन्दर्भमा पहिलो पटक यो राष्ट्रिय पाठ् यक्मको प्रारुप २०६३मा निर्माण भएको देखिन्छ। पाठ्यक्रम विकास,निर्माण तथा कार्यान्वयन गर्ने नीति,सिकाईका क्षेत्रहरु,शिक्षण क्रियाकलापहरुका व्यवस्थापन,विद्यालय शिक्षाको संरचना व्यवस्थित गर्ने,नयाँ शताब्दीको प्रवृति अनुसार बाल बालिकालाई अनुकुलन गर्ने,विश्वव्यापीकरणको धारणालाई दृष्टिगत गरी विद्यार्थीलाई प्रतिस्पर्धी समाजमा समायोजित हुनसक्ने तुल्याउन तयार गरिएको शिक्षाको मुल दस्तावेज नै वास्तवमा राष्ट्रिय पाठ्यक्रम प्रारुप हो ।

हाल शिक्षामा प्रचलित प्रवृतिहरु जस्तै विश्वव्यापिकरण,मानव अधिकारको संरक्षण,बाल अधिकार,विश्व शान्ति, समाजिक एवम् लैंगिक समानता,जनसंख्या शिक्षा,वातावरण संरक्षण,विश्वव्यापि सुचना एवम् सञ्चारको सञ्जाल,शिक्षमा जीवन उपयोगि सीपको बढ्दो महत्व जस्ता विभिन्न कारणले शिक्षाका भावी दृष्टिकोण स्पष्ट पार्नुपर्ने भएकाले यो प्रारुप तयार भएको हो ।

त्यसैगरी शिक्षालाई सामाजिक,आर्थिक,राजनीतिक,संस्कृतिक प्रगतिको साधनका रुपमा रुपान्तरण गरी सबैले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चत गर्न सकिन्छ।यसले जीवनपर्यन्त शिक्षाको व्यवस्थ गर्न सहयोग पुग्छ।

शिक्षामा पहुँच, समानता,सान्दर्भिकता र गुणस्तरमा सुधार एंवम् वृद्धि लगायत यसका अतिरिक्त औचित्य निम्न अनुसार उल्लेख गर्नसकिन्छ ।

पाठ्यक्रम र यससँग सम्बद्ध शिक्षण सिकाईका सामग्री विकासको कार्यलाई व्यवस्तित गर्न कक्षा १देखि१२सम्मको शिक्षालाई विद्यालय शिक्षाको संरचनाभित्र समाविष्ट गरी एकीकृत कार्यक्रम पद्धतीको विकास गर्न,पाठ्यक्रम संरचनालाई अझ व्यवस्थित गर्न । शिक्षामा असल साझेदारीको विकास गर्नु आदि ।

**राष्टिय पाठ्यक्रम प्रारुप २०७६को औचित्य**

रष्टिय पाठ्यक्रम प्रारुप वास्तवमा विद्यालय शिक्षाको पाठ्यक्रम समन्धि मूल दस्तावेज नै हो। कारण यसले पाठ्यक्रम सम्बद्ध नीति,क्षेत्र तथा शिक्षण सिकाई कृयाकलाप,अनुगमन तथा मुल्याङ्कन समेतलाई मार्ग निर्देश गर्ने आधार प्रदान गर्दछ । यो नै नेपालको विद्यालय शिक्षा पद्यतीको राज्यको शैक्षिक दर्शन र दृष्टिकोण प्रतिबिम्बित गर्ने मुल दस्तावेज हो।यसले नै दीर्घकालीन शिक्षालाई दीगो र दुरदर्शी दृष्टीकोण सहित दिशा निर्दिष्ट गर्दछ। ततपश्चात देशमा भएका राजनीतिक ,समाजिक एवम् शैक्षिक परिवर्तनहरुलाई समेत दृष्टिगत गरी २०७१सालमा थप परिमार्जन गरिएको थियो ।

लगतै २०७२मा देशमा संघीय साशन व्यवस्था कार्यान्वयन भएपछि यसका अनुभव तथा संघीय संरचना प्राप्त संघ प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रसमेत लाई दृष्टिगत गरी पुनः यस प्रारुपलाई समसामयिक परिमार्जन गर्दै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ जारी गरिएको हो।तसर्थ यसलाई विद्यालय शिक्षाको पाठ्यक्रम सम्बन्धी मुल मार्गदर्शक दस्तावेज पनि भनिन्छ। जसले पाठ्यक्रम सम्बद्ध समसामयिक एवम् महत्वपुर्ण पक्षहरु मुद्दा एवम् विभिन्न चुनौतीहरु,विद्यालय शिक्षाको दृष्टिकोण र पाठ्यक्रम निर्माणका शैद्धान्तिक अधारहरु,विद्यालय शिक्षाका उदेश्यहरु,सांगठनिक संरचनाहरु,विद्यार्थी मुल्यांकन नीति,खुला शिक्षा एवम् शैक्षिक व्यवस्थापन संग सम्बद्ध अन्य महत्वपूर्ण पक्षहरुका बारेमा नीतिगत दृष्टिकोण तय गर्दछ।यसले पाठ् यक्रमको स्थानीयकरण,समावेशीकरण,विषयगत स्वरुप तथा शिक्षक व्यवस्थापनका समष्टिगत तथा नीतिगत पक्षलाई पनि निर्दिष्ट गर्दछ ।

२०६३ सालमा बनेको प्रारुप कार्यान्वनका अनुभव सहित २०७१मा संशोधन भएकोमा हालसम्मका अनुभव तथा देशमा लागु भएको संघीय व्यवस्था अनुसार शिक्षालाई पुनर्सचना गर्न२०६३को संशोधन २०७१समेतलाई विस्थापित गरी राष्ट्रिय पाठ्क्रम विकास तथा मुल्यांकन परिषदको मिति २०७६ भदौ १९ बैठकबाट राष्ट्रिय पाठ्क्रम प्रारुप २०७६ स्वीकृत गर्न सिफारिस गरेकोमा नेपाल सरकार,शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको २०७६ भदौ २०को निर्णयबाट स्वीकृत भई जारी गरिएको हो।यसरी समान्य तवरले हेर्दा नेपालमा जनयुद्धले केही मानवीय तथा भौतिक क्षती गरेपनि शिक्षमा ठुलठुला मठाधीश, शिक्षाधीश र शभापति जस्ता अञ्चलाधीश लाई समेत विस्थापित गरी आमूल परिवर्तन गरेर आम जनता र निमुखाको पुँच यसकै पणिाम हो।बालविकास देखि राहत ,पीसीएफ लगायत सामुदायिक विद्यालयका विभिन्न नीति तथा कार्यक्रम जस्तै दिवा खाजा,छात्रावृति,दलितका पोसाक भत्ता लागायत मा.वि.सम्म निशुल्क शिक्षा समेत आजको संघीयताकै देनहो जुन जनयुद्धको एउटा महत्वपूर्ण उपलब्धि सरह नै हुन् ।

# राजनीतिभन्दा माथि उठेर खानेपानी सेवा प्रवाह गर्नुपर्छ : मन्त्री खान

काठमाडौँ, १ फागुन
खानेपानी मन्त्री अब्दुल खाँनले संविधानमा खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा राखिएकाले राजनीतिभन्दा माथि उठेर सेवा प्रवाह गरिनुपर्नेमा जोड दिएका छन ।



काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को १५ औँ वार्षिकोत्सव समारोहलाई सोमवार यहाँ सम्बोधन गर्दै उनले राजधानीवासीका घरघरमा खानेपानी सेवा दिनसकेमात्र वार्षिकोत्सव मनाएको महत्व हुने बताए ।

काठमाडौँ उपत्यकाका सबै स्थानमा समानुपातिक रुपमा खानेपानी वितरण गर्न पनि मन्त्री खाँनले सरोकार भएका निकायका अधिकारीलाई निर्देशन दिए । उनले नेपालले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्म ९० प्रतिशतभन्दा धेरै जनसंख्यालाई स्वच्छ खानेपानी पुर्‍याउने लक्ष्य हासिल गर्न सबै लाग्नुपर्ने बताए ।

मन्त्रालयलगायत खानेपानीसँग सरोकार भएका निकायले गल्ती गरे त्यसलाई सार्वजनिक गरेर सञ्चारमाध्यमले सहयोग गर्न पनि आग्रह गरे । खानेपानीको मिटरमा समस्या भएको भन्ने ग्राहकको गुनासो बढेकाले त्यसको छिटो समाधान गर्न पनि उनले लिमिटेडका अधिकारीहरुलाई निर्देशन दिए ।मन्त्रालयका सचिव इञ्जिनियर मणिराम गेलालले काठमाडौँ उपत्यकामा हाल दैनिक ४७ करोड लिटर पानीको माग रहेको जानकारी गराउदै मेलम्चीबाट १७ करोड लिटर र बाग्मती नदीलगायत स्रोतबाट दैनिक १३ करोड गरी ३० करोड लिटरमात्र आपूर्ति गर्न सकिएको बताए । राजधानीवासीलाई स्वच्छ पानी वितरण गर्न मन्त्रालयले वैकल्पिक स्रोतको अध्ययन पनि गरिरहेको उनको भनाइ छ ।

अहिले सुन्दरीजलस्थित मेलम्चीको पानी प्रशोधन केन्द्रमा निर्माण व्यवसायीले नै पानी प्रशोधन गरिरहेका छन्, आगामी मार्च ८ देखि प्रशोधनको जिम्मेवारी पनि केयुकेएलले नै पूरा गर्नुपर्ने छ, उनले भने । 'स्काडा' प्रणालीअनुसार पानी वितरणको तयारी गरिएकाले कर्मचारीले यसमा चुस्तदुरुस्त हुनुपर्ने उनको भनाइ छ । अब वैज्ञानिक ढङ्गले खानेपानीको महसुल निर्धारण गरिनुपर्छ, खानेपानीसँग सम्बन्धित संस्थाको सुधारका लागि उच्चस्तरीय समिति गठन गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको छ, उनले भने ।

सचिव गेलालले सिंहदरबारभित्र पनि मेलम्चीको पानी प्रवेश गराइएकाले अब बोत्तललाई विस्थापित गरिने दाबी गरे । खानेपानी महसुल निर्धारण आयोगका दुई सदस्य पदपूर्तिका लागि दुईपटक विज्ञापन गर्दा पनि आवेदन नपरेकाले फेरि तेस्रोपटक विज्ञापन गर्न लागिएको पनि उनले सुनाए ।

मुहानै क्षेत्रमै चुहावटको पानीले बन्छ झरना

कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसालले केयुकेएलबाट वितरण भएको पानीले झरना बन्ने गरेको अनुभव सुनाए । केहीदिनअघि नगरपालिकाको नारायणटार पुल क्षेत्रमा पानी चुहावट भएर आकर्षक झरना देखिएपछि आफूले लिमिटेडका कर्मचारीलाई खबर गरी व्यवस्थापन गर्न लगाएको सुनाए ।

पानी चुहावट भएको देखेपछि मानिसले नगरपालिकाकै मुख ताक्छन्, यसको जिम्मेवारी नगरपालिकालाई पनि छैन, हामीले पनि लिमिटेडलाई नै खबर गरेर काम गराउने हो, उनले भने । गोकर्णेश्वर राजधानीका लागि पानी आपूर्ति गर्ने मुख्य स्रोत भएपनि नगरवासीले नै खानेपानी नपाएको उनको भनाइ छ । नगरपालिकाले एक वर्षमा सबै वडामा पानी लैजाने लक्ष्यमा लिएकाले त्यसमा साथ दिन अनुरोध समेत गरे ।

बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मीठाराम अधिकारीले शिवपुरी र सुन्दरीजल क्षेत्रका एउटै घरमा तीन वटासम्म पानीका धारा भेटिएकाले लिमिटेडलाई नियमन गर्न आग्रह गरे । केही दिनअघि नगरपालिकाको नीलो पुल क्षेत्रमा चोरीको धारा बन्द गराउन जाँदा समस्या भयो, चोरेर पानी खान पाएपछि महसुल नतिर्ने बढ्छन्, यसैले समस्या समाधानमा लिमिटेडले लिने अग्रसरतामा नगरपालिका सहयोग गर्न तयार छ, नगर प्रमुख अधिकारीले भने ।

कार्यक्रममा आयोगका अध्यक्ष जनार्दन अर्याल, काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक डा सञ्जीवविक्रम राणा, लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक राजेन्द्र सापकोटा, लिमिटेडका उपकार्यकारी निर्देशक ज्ञानेन्द्रबहादुर कार्की, लिमिटेड आधिकारिक ट्रेड युनियनका अध्यक्ष नवलसिंह सावद, लिमिटेडका अर्थ तथा प्रशासन विभाग प्रमुख विजय तिमल्सिनालगायतले सेवा सञ्चालन गर्न पुग्ने गरी महसुल निर्धारण हुनुपर्नेमा जोड दिएका थिए । रासस

# स्रोत नखुलेको सम्पतिमा कर तिर्दा स्वतः वैधता प्राप्त नहोस्

काठमाडौँ, १ फागुन
नेपाल सरकारले २०७९ माघ २७ गते संसद् सचिवालयमा 'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दर्ता गराएकामा ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआई) नेपालले ध्यानाकर्षण भएको जनाएको छ ।

'सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन २०६४' को मूल उद्देश्य नै अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरणको निवारण भएकाले ऐनको मूल मर्म र उद्देश्य प्रतिकूल हुने गरी 'स्रोत नखुलेको सम्पत्तिमा कर तिरेमा स्वतः वैधता प्रदान गरिने अर्थात् अवैध तरीकाले आर्जित धनलाई स्वतः वैध तुल्याइने बाटो' प्रस्तावित संशोधन विधेयकले नखोलोस् भन्नेतर्फ सजग रहन टिआई नेपालले नवनिर्वाचित सांसद र संसद्को ध्यानाकर्षण गराएको अध्यक्ष पद्मिनी प्रधानाङ्गले सोमवार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नेपाल भ्रष्टाचार विरुद्ध अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएकाले अवैध तरिकाले आर्जित धनलाई कुनै पनि बहानामा वैध तुल्याउने बाटो खोल्नु महासन्धिको प्रतिकूल हुने टिआई नेपालको ठहर छ । अदालतले सम्पत्ति शुद्धीकरण मूल कसूरको सह उत्पादन भएको र मूल कसुर लुकाएर आर्जित सम्पत्ति वैध देखाउन गरिने कार्यलाई अपराधको कोटीमा राख्ने नजिर कायम गरिसकेकाले त्यसलाई बेवास्ता गर्नु कानुनी राज्यको अवधारणा प्रतिकूल हुन जाने टिआई नेपालले जनाएको छ

# अर्थतन्त्रमा देखिएका संकटप्रति सचेत छौँ : प्रधानमन्त्री दाहाल



महेन्द्रनगर, १ फागुन
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले अर्थतन्त्रमा देखिएको सङ्कटप्रति सरकार सचेत रहेको बताउनुभएको छ । सोमवारदेखि महेन्द्रनगरमा सुरु भएको कञ्चनपुर उद्योग वाणिज्य सङ्घद्वारा आयोजित सुदूरपश्चिम प्रदेशस्तरीय औद्योगिक व्यापार मेला तथा कञ्चनपुर पर्यटन महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले अर्थतन्त्र सुधारका लागि आफू प्रधानमन्त्री भएपछि विशेष ध्यान दिएको बताउनुभयो ।

आफूले मन्त्रिपरिषद्को पहिलो बैठकमै सार्वजनिक तथा निजी क्षेत्रसित सहकार्यलाई प्रभावकारी तुल्याउने निर्णय गरे बमोजिम देशको अर्थतन्त्र अग्रसर रहेको उहाँले उल्लेख गर्नुभयो । अर्थतन्त्रमा देखिएका समस्या हल गर्दै निजी क्षेत्रलाई सहज रुपमा लगानी तथा उद्योग, व्यापारको वातावरण बनाउनेतर्फ अगाडि बढेका छौँ । प्रधानमन्त्री दाहालले भन्नुभयो-अर्थतन्त्रमा सुधारका राम्रा सङ्केत देखिएका छन् । उहाँले राजस्व सङ्कलन र विदेशी मुद्रा सञ्चयमा वृद्धि भएको बताउँदै यी सबै सकरात्मक सङ्केतका रुपमा लिएको धारणा राख्नुभयो ।

समग्रमा अर्थतन्त्रको सङ्कट टरेको छैन । उहाँले भन्नुभयो- अझै पनि नीतिगत र योजनागत क्षेत्रमा सुधार गर्नुपर्ने आश्वयकता छ, र सरकार सोही दिशातर्फ अग्रसर पनि छ । त्यसैगरी कञ्चनपुरको दोधारा चाँदनीमा निर्माण हुने सुक्खा बन्दरगाह भारतीय पक्षको प्रतिबद्धतापछि समझदारीपत्रमा हस्ताक्षर भएको र निर्माण प्रक्रिया अघि बढेको बताउनुभयो । सुक्खा बन्दरगाहको वातावरण प्रभाव मूल्याङ्कनको काम भई स्वीकृतीको चरणमा हुनुका साथै भारतसित 'एमओयु' हस्ताक्षरण गर्ने प्रक्रिया अघि बढेको छ । उहाँले भन्नुभयो-निकट भविष्यमा कानुनी र प्रक्रिया सम्पन्न गरेर बन्दरगाह निर्माण द्रुत गतिमा हुनेछ । उहाँले सो विषय आफ्नो आसन्न भारत भ्रमणमा उच्च प्राथमिकताका साथ उल्लेख गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले बन्दरगाहको निर्माणमा नेपाल र भारतबीच द्विपक्षीय व्यापार तथा आफूले परिकल्पना गरेको त्रिदेशीय रणनीतिक साझेदारीमार्फत नेपालले लाभ लिने विषयमा समेत निर्णायक महत्व राख्ने विश्वास लिएको बताउनुभयो । सुदूर विकास आयोगको गठनदेखि विश्वविद्यालयसम्म घोषणाको अवसर प्राप्त गरेँ । दाहालले भन्नुभयो- गेटा मेडिकल कलेजलाई पहिलोपटक बजेट बिनियोजन गर्ने अवसर पाएँ, अहिले सम्पन्न हुन सक्ने आइसकेको छ । उहाँले सुक्खा बन्दरगाह निर्माणसँगै उत्तर चीनसित जोड्ने ढोकासमेत महाकाली करिडोरलाई अगाडि बढाइने बताउनुभयो ।

यसले सुदूरको आर्थिक विकासमा मात्रै प्रगती हुने छैन, सिङ्गो राष्ट्रको आर्थिक विकास निकै ठूलो योगदान हुनेछ । उहाँले भन्नुभयो-सरकारले तयार गरेको एकीकृत कार्ययोजनामा सुदूरको समृद्धि, विकास अभियानका पनि समेटिएको छ । उहाँले यथास्थितीमा रुमलिने प्रवृतीको अन्त्य गर्नु सोमवारको देशको आवश्यकता भएको बताउनुभयो । जनतामा देखिएको निराशालाई आशामा बदल्दै दृढ सङ्कल्प र नेतृत्वप विकासको निम्ती आश्वयक छ । उनले भने - नौ वटै जिल्लामा सञ्चालनमा रहेका आयोजना र सम्भाव्य आयोजनाका लागि बजेटमा कुनै कन्जुसाँइ हुने छैन ।

प्रधानमन्त्री दाहाल महोत्सव उद्घाटनअघि सुक्खाबन्दरगाह निर्माण स्थल र महाकाली नदीमा निर्माणाधीन चार लेनको पक्की पुल योजनाको निरीक्षणसमेत गरेका थिए । प्रधानमन्त्रीसँगै उद्योग, वाणिज्य तथा आपूर्तीमन्त्री दामोदर भण्डारी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पदम गिरी, पूर्वमन्त्री एवं नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलगायत निरीक्षणमा सहभागी थिए ।रासस

# सरकारले ६ महिनामा उठायो साढे ५६ अर्ब ऋण

काठमाडौँ, १ फागुन
सरकारले चालु आर्थिक वर्ष २०७९/८० को छ महिनामा रू ५६ अर्ब ४६ करोड ऋण उठाएको छ ।

सरकारको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि खर्च बेहोर्ने मुख्य स्रोतमध्ये आन्तरिक र बाह्य ऋण परिचालन पनि हुन् ।

अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको चालु आवको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनअनुसार सरकारले पुस मसान्तसम्म रू ३० अर्ब आन्तरिक र रू २६ अर्ब ४६ करोड बाह्य ऋण उठाएको छ ।

चालु आवका लागि सरकारले रू दुई खर्ब ५६ अर्ब बराबर आन्तरिक ऋण उठाउने लक्ष्य राखेको थियो । जसबाट वार्षिक बजेटको १४ दशमलव तीन प्रतिशत स्रोत बेहोर्ने सरकारको योजना थियो ।

तर गत पुस मसान्तसम्ममा सरकारले रू ३० अर्ब बराबर मात्रै आन्तरिक ऋण उठाएको छ । यो अवधिमा संघीय सरकारले लिएको आन्तरिक ऋणमध्ये रू १५ अर्बको एक वर्षे ट्रेजरी बिल, रू आठ अर्बको दुई वर्षे विकास ऋणपत्र, रू दुई अर्बको तीनवर्षे विकास ऋणपत्र र रू पाँच अर्बको चारवर्षे ऋणपत्र जारी भएका छन् । सोही अवधिमा सरकारले तिरेको आन्तरिक ऋणको साँवा ब्याज भने रू ८३ अर्ब तीन करोड बराबर छ ।

चालु आवका लागि रू ५५ अर्ब ४५ करोड ८३ लाख बराबर अनुदान र रू दुई खर्ब ४२ अर्ब बराबर बाह्य ऋण लिने सरकारको योजना थियो ।



गत पुस मसान्तसम्म सरकारले लिएको वैदेशिक अनुदानको वास्तविक प्राप्ति भने रू आठ अर्ब १२ करोड र कुल वैदेशिक ऋण २६ अर्ब ४६ करोड बराबर छ । तर सोही अवधिमा विभिन्न दातृ निकायले अनुदान सहायतातार्फ रू २३ अर्ब १२ करोड १० लाख र सहुलियतपूर्ण ऋणतर्फ रू एक खर्ब १४ अर्ब बराबर प्रतिवद्धता प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ ।

विकास पूर्वाधार आयोजनाको कार्यान्वयन प्रभावकारी हुन नसक्दा वैदेशिक अनुदान र ऋण लक्ष्यअनुसार लिन नसकिएको अर्थ मन्त्रालयले जनाएको छ ।

कमजोर आयोजना व्यवस्थापन तथा निर्माण व्यवसायीको ढिलासुस्तीका कारण वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वनयमा सुस्तता आई पुँजीगत खर्च न्यून हुन गएकाले त्यसको प्रभाव विकास साझेदारले गर्ने सोझै भर्ना तथा शोधभर्ना रकममा पर्न गएको रसमीक्षा अवधिमा वैदेशिक सहायता परिचालन न्यून भएको हो, बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

चालु आवको पहिलो तीन महिनासम्म नेपालको कुल सार्वजनिक ऋण रू २० खर्ब सात अर्ब ८४ करोड बराबर छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पहिलो तीन महिनाको प्रतिवेदनअनुसार गत असार मसान्तको तुलनामा असोज मसान्तसम्ममा सार्वजनिक ऋण शून्य दशमलव २७ प्रतिशतले घटेको देखिन्छ । गत असार मसान्तसम्ममा नेपालको कुल सार्वजनिक ऋण रु २० खर्ब १३ अर्ब २९ करोड थियो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पहिलो तीन महिनामा नेपालको कुल बाह्य ऋण रू १० खर्ब ५० अर्ब २३ करोड छ भने आन्तरिक ऋण रू नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर छ । यो आँकडा गत असार मसान्तसम्मको ऋणको अवस्थासँग तुलना गर्दा बाह्य ऋण रू २४ अर्ब ३८ करोडले बढेको र आन्तरिक ऋण रू २९ अर्ब ८३ करोडले घटेको हो ।रासस

# बुटवलमा पशु बधशाला सञ्चालनको तयारी

बुटवल, १ फागुन
बुटवल उपमहानगरपालिका-१० रामनगरमा दुई बिघा तीन कठ्ठा क्षेत्रफलमा बधशाला निर्माण भएको पशु बधशाला सञ्चालनमा आउने भएको छ । बधशाला सञ्चालनका लागि बुटवल उपमहानगरपालिका र बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिबीचमा सहमति भएको उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताउनुभयो ।



बधशाला सञ्चालनको जिम्मेवारी सार्वजनिक, निजी, सहकारी (उत्पादक) साझेदारी अवधारणा अनुसार बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिलाई दिइनेछ । यसका लागि उत्पादक किसान र मासु व्यवसायीले गठन गरेको बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिलाई हस्तान्तरण गरिने उहाँको भनाइ छ ।

बधशाला निर्माण र सञ्चालनमा बाख्रापालक किसानदेखि व्यवसायीसम्म साझेदार छन् । कानुनी हिसाबलेसमेत सहज हुने गरी बधशाला सञ्चालन हुने र यसबाट बुटवलबासीले स्वस्थ र स्वच्छ मासु उपभोग गर्न पाउने नगर प्रमुख पाण्डेयको विश्वास छ ।

बधशाला विस्तृत सम्झौता भएलगत्तै सञ्चालन हुने गरी सहमति भएको बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले बताउनुभयो । बधशाला सञ्चालन तथा व्यवस्थापनका लागि कार्यदल गठन भएको र कार्यदलले नियमित रुपमा अनुगमन र व्यवस्थापनसमेत गर्ने निर्णय भएको उहाँले सुनाउनुभयो ।

रुपन्देही मासु व्यवसायी सङ्घका अध्यक्ष कृष्णप्रसाद पौडेलले बुटवल उपमहानगरपालिकासँग पशु बधशाला सञ्चालनका लागि देखिएका अन्योल टुङ्गिएकाले छिट्टै नै बधशाला सञ्चालन हुने बताउनुभयो ।

बधशाला सञ्चालन र व्यवस्थापन गर्ने बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिले बुटवल उपमहानगरपालिकालाई वार्षिक रू ४७ लाख ३० हजार बुझाउनुपर्नेछ ।रासस

# पर्यटन क्षेत्र आर्थिक समृद्धिको खम्बा : मन्त्री किराती



मोरङ, १ फागुन
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले पर्यटन क्षेत्र मुलुकको आर्थिक समृद्धिको खम्बा भएको बताउनुभएको छ । आज विराटनगर विमानस्थलमा नयाँ टर्मिनल भवनको शिलान्यास गर्दै उहाँले पर्यटन क्षेत्रबाट थोरै लगानीबाट पनि धेरै विदेशी मुद्रा आर्जन गर्न सकिने बताउनुभयो ।

मन्त्री किरातीले आम जनताका भावना, सरोकारबालाको सुझाव र यहाँको आवश्यकताका आधारमा नयाँ भवन तथा धावनमार्ग विस्तार शुरु गरेको बताउनुभयो । विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले भारतीय पर्यटकलाई ध्यानमा राखी विराटनगरबाट हिमाली दृश्यवालोकन उडान गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, उपमहानिर्देशक हंशराज पाण्डे, होटल व्यवसायी राजन श्रेष्ठ र उद्योगपति राजेन्द्र खनालले प्रदेशमा रहेका १४ वटा विमानस्थलमा यहाँवाट हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

कूल १६ हजार दुई सय ७७ वर्गमिटर क्षेत्रफलमा फैलिने टर्मिनल भवन रू दुई अर्ब ४२ करोडको लागतमा निर्माण हुनेछ । भविष्यमा बढ्नसक्ने हवाई यात्रुको चापलाई ध्यानमा राख्दै धावनमार्ग बिस्तार गरिन लागिएको विराटनगर विमानस्थलका प्रमुख रिञ्जी शेर्पाले जानकारी दिनुभयो ।रासस

# एमालेको सङ्गठन सुदृढीकरण अभियानको अनुगमनका लागि नेताहरू तोकिए



काठमाडौँ, १ फागुन
नेकपा (एमाले) ले दुईमहिने वैचारिक तथा साङ्गठानिक सुदृढीकरण अभियानका लागि केन्द्रीय नेताहरूलाई जिम्मेवारी तोकेको छ। यही फागुन ५ गते सातै प्रदेशमा अभिमुखीकरण कार्यक्रम आयोजना गरी सुरु हुने 'मिसन ग्रासरुट' अभियानका लागि आज जिम्मेवारी तोकिएको हो।

केन्द्रीय कमिटी सदस्यहरूलाई पालिका तहमा दुई महिनाको जिम्मेवारी दिएर अभियान सञ्चालन गर्न लागिएको एमालेले जनाएको छ। अभियानको अनुगमन र संयोजनका लागि पार्टीका उपाध्यक्षदेखि स्थायी कमिटीसम्मका नेताहरू खटिने भएको छ।

सो अनुसार, प्रदेश-१ मा अष्टलक्ष्मी शाक्य, टोपबहादुर रायमाझी, शेरधन राई, अग्निप्रसाद खरेल, राजेन्द्रप्रसाद गौतम र हिक्मत कार्की खटिनेछ। मधेस प्रदेशमा ईश्वर पोखरेल, रघुवीर महासेठ, गुरुप्रसाद बराल, लालबाबु पण्डित र सीता पौडेलले अभियानको अनुगमन र संयोजन गर्नेछ।

त्यसैगरी बाग्मती प्रदेश सुरेन्द्र पाण्डे, गोकर्णराज विष्ट, काशिनाथ अधिकारी, रघुजी पन्त, कृष्णगोपाल श्रेष्ठ र शेरबहादुर तामाङ तथा गण्डकी प्रदेश युवराज ज्ञवाली, पद्मा कुमारी अर्याल, किरण गुरुङ, खगराज अधिकारी र थममाया थापा खटिने छ।

लुम्बिनी प्रदेश रामबहादुर थापा, छविलाल विश्वकर्मा, भीम आचार्य, राजन भट्टराई र शिवमाया तुम्वाहाम्फे तथा कर्णाली प्रदेश सुवासचन्द्र नेम्वाङ, योगेशकुमार भट्टराई, भानुभक्त ढकाल, यामलाल कँडेल र गोरखबहादुर बोगटी एवं सुदूरपश्चिम प्रदेश विष्णुप्रसाद पौडेल, लेखराज भट्ट, मणिचन्द्र थापा, डा विन्दा पाण्डे र कर्णबहादुर थापा विशेष कमिटी (केन्द्रीय कार्यालय) शङ्कर पोखरेल, प्रदीपकुमार ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, विष्णु रिमाल र डा भीष्म अधिकारी छन्। यस्तै हरेक जिल्ला र पालिकास्तरमा केन्द्रीय सदस्यहरुलाई खटाइएको छ।रासस

# महाशिवरात्रि र माध्यमिकी परिक्रमाको तयारी



महोत्तरी, १ फागुन
फागुन कृष्णपक्ष सुरु हुँदै महोत्तरीसहितका मिथिला क्षेत्रमा महाशिवरात्रि पर्व र मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु भएको छ। फागुन कृष्णपक्षको त्रयोदशी तिथिका दिन मनाइने महाशिवरात्रि पर्व र त्यसलगत्तै फागुन औँसीसँगै प्रारम्भ गरिने मिथिला माध्यमिकी परिक्रमाको तयारीमा मैथिल (मिथिलाका बासिन्दा) देखिएका हुन्।

महाशिवरात्रि पर्वका लागि महोत्तरीका शिवालयमा अहिले उत्सवको तयारी देखिएको छ। जिल्लाको बर्दिबास नगरपालिका-५ टुटेश्वरस्थित श्रीटुटेश्वरनाथ, भङ्गाहा नगरपालिका-५ स्थित श्री सिद्धनाथ, सोनमा गाउँपालिकाको मगरथानास्थित श्रीमङ्गलनाथ, सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित श्री धष्नेश्वर र जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा पर्वको तयारी अघि बढेको हो। यी शिवालयसँगै बर्दिबास-१४ स्थित श्रीकामेश्वरनाथ र भङ्गाहाको सीतापुर बजारस्थित श्री सन्तानेश्वर महादेव मन्दिरमा पनि महाशिवरात्रि पर्वका लागि रङरोगन, मेलास्थल व्यवस्थापन र सुरक्षा प्रबन्धको आवश्यक तयारी थालिएको माहशिवरात्री मेला व्यवस्थापन समितिले जनाएका छन्। मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजना गरिने परम्परा छ।

जलेश्वर-५ स्थित श्रीजलेश्वरनाथ जलभित्र समाधि लगाएर विराजमान शिवलिङ्ग आदिकालमा भगवान शङ्कर आफैँले स्थापित गर्नुभएको विश्वास गरिन्छ। 'जलेश्वरो महालिङ्गो स्थापित श्रीशिवं स्वयं' शिवपुराणमा वर्णित यो पङ्क्तिले नै श्री जलेश्वरनाथ अनादिकालमै स्थापना भएको शिवलिङ्ग मानिएको जलेश्वर-५ का बासिन्दा पूर्वीय दर्शन तथा साहित्यका अध्येता ध्रुव राय बताउनुहुन्छ।

त्यसैगरी चुरे पर्वत श्रेणीको थुम्कोमा अवस्थित श्रीटुटेश्वरनाथ, रातु र बडहरी नदीको सङ्गमस्थित श्री सिद्धनाथ र श्री मङ्गलनाथ पनि अनादिकालमा स्थापित शिवलिङ्ग रहेका यहाँ विश्वास गरिन्छ। यसका अतिरिक्त बर्दिबास-३ राईमण्डल धार्मिक क्षेत्र अवस्थित श्री इन्द्रेश्वर महादेवको शिवलिङ्ग अघि सत्ययुगमा स्वर्गका राजा इन्द्रले दानवसँगको युद्धमा विजयी बन्ने वरदानका लागि शिवको तपस्या गरेका स्थान मानिन्छ।

यी शिवालयमा प्रत्येक वर्षको फागुन कृष्णपक्षको महाशिवरात्रि पर्व र साउन महिनाभरि लाग्ने साउने 'बोलबम' मेला खास अवसरका उत्सव मानिन्छन्। अहिले महाशिवरात्रि नजिकिँदै गर्दा शिवालयको रङरोगन र साजसज्जा युद्धस्तरमा गरिँदैछ। यी शिवालयमा दुवै पर्व विशेषमा बर्सेनि मधेसका सबैजसो जिल्ला र छिमेकको भारतबाट लाखौँको संख्यामा श्रद्धालु भक्तजन भगवान् शङ्करलाई गाईको दूध, पवित्र नदी वा तलाउको जल, बेलपत्र र श्रीशिवका प्रिय मानिने धतुरोसहितका फल चढाउन पुग्ने गर्छन्। पर्वको यो अवसरमा आउने भक्तजनको आवास, भोजन र दर्शनको चाँजो मिलाउनसँगै शिवालयको रङरोगन, साजसज्जाका काम र मेलाका अन्य व्यवस्थापनका काममा स्वयंसेवक खटिरहेका छन्।

महाशिवरात्रि पर्वमा शिवको दर्शन र आराधनाका लागि आउने भक्तजनलाई साँच्चै शिवधाम आइएछ भन्ने अनुभूति दिनेगरी अहिले तयारीका काममा लागिएको श्रीजलेश्वरनाथ महाशिवरात्रि मेला व्यवस्थापन समिति-२०७९ का अध्यक्ष रञ्जितकुमार चौधरी बताउनुहुन्छ। अहिले शिवालयको समुचित पर्व व्यवस्थापनमा सम्बद्ध स्थानीय तहले हरेक तरिकाले सहयोग गरेका शिवालयका महाशिवरात्रि मेला व्यवस्थापन समितिले जनाएका छन्। मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै सुरु हुने फागुन शुक्लपक्षभरि मिथिला माध्यमिकी परिक्रमाको उत्सव मनाइन्छ। फागुन औँसीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा एक सय ३० किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रीवास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतीमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिला क्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ मानिन्छ। फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलीका दहनको धुरा उडाएर (होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन) त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउने छन्।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँच वटा रात्रि विश्रामस्थल रहँदै आएका छन्। त्यसैगरी धनुषामा छ रात्रि विश्राम र भारतको मधुवनी जिल्लामा चार रात्रि विश्रामको परम्परा रहँदै आएको छ।

नेपाल र भारतका हजारौँ साधुसन्त सहभागी हुने यो मिथिलाको महाकुम्भमा परिक्रमाका यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपत्कालीन सेवाका लागि रात्रि विश्रामस्थल रहेका ठाउँमा मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घसंस्था, स्थानीय तह र व्यक्तिले स्वेच्छिक प्रबन्ध गर्ने गरेका छन्। माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता विभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा बृहत्तर जनकपुर क्षेत्र विकास कोष (परिषद्) ले गर्दै आएको छ।रासस

# राष्ट्रपति भण्डारीसँग भारतीय विदेश सचिव क्वात्राको भेटवार्ता



काठमाडौँ, १ फागुन
राष्ट्रपति विद्यादेवी भण्डारीसँग भारतका विदेश सचिव विनयमोहन क्वात्राले शिष्टाचार भेट गर्नुभएको छ। राष्ट्रपतिको कार्यालयमा सोमवार भएको भेटमा द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको थियो।

सो अवसरमा दुई देशबीचको ऐतिहासिक सम्बन्धका साथै कनेक्टिभिटी, ऊर्जा व्यापारलगायत द्विपक्षीय सहयोगका विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। भेटमा राष्ट्रपति भण्डारीले नेपाल-भारतबीच प्राचीनकालदेखि नै सामाजिक र सांस्कृतिक सम्बन्ध रही आएको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धका विविध विषयमा कुरा राख्नुभएको राष्ट्रपतिका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीले जानकारी दिए। सो अवसरमा राष्ट्रपति भण्डारीले 'छिमेकी पहिलो' भन्ने नीतिअनुसार नै भारत अघि बढेको विश्वास व्यक्त गर्दै आफ्ना भारतीय समकक्षी र भारतीय उच्च नेतृत्वप्रति शुभकामना र शुभेच्छा प्रकट गरेका थिए।

विदेश सचिव क्वात्रा परराष्ट्र सचिव भरतराज पौड्यालको निमन्त्रणामा नेपालको दुई दिने औपचारिक भ्रमणका लागि आज यहाँ पुगेका हुन। यस अघि उनले सोमवारनै परराष्ट्रमन्त्री डा विमला राई पौड्यालसँग शिष्टाचार भेटवार्ता गरेका थिए भने सचिवस्तरीय बैठकमा सहभागी भएका थिए। विदेश सचिवको कार्यभार सम्हालेपछिको यो उनको पहिलो नेपाल भ्रमण हो। दुई देशबीचको नियमित उच्चस्तरीय भेटवार्ताको परम्परा र भारतको 'छिमेकी पहिलो' नीतिअन्तर्गत भारतले नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकता अनुरुप यो भ्रमण भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ।रासस

# गाईगोरुसहित किशोर पक्राउ

जलेश्वर, १ फागुन
महोत्तरीको पश्चिमी भारतीय सीमानाकाबाट प्रहरीले ४८ वटा गाईगोरुसहित सोमवार बिहान एक किशोरलाई पक्राउ गरेको छ। नेपालबाट भारततर्फ तस्करी गर्न लागिएका ४८ वटा गाईगोरुसहित सम्सी गाउँपालिका-७ का १८ वर्षीय गुफरान शेषलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तोषकुमार पोखरेलले जानकारी दिए।

बिहानै नेपाल-भारत तस्करी गर्न लागिएको ४७ गाई र एक गोरुसहित किशोरलाई सीमा गस्तीमा खटिएका प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो।

नियन्त्रणमा लिएका किशोरलाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको प्रहरी नायब उपरीक्षक पोखरेलले बताए।रासस

## प्रधानाध्यापकको मनपरीले ...................................

भने ' सरकारले निशुल्क शिक्षा दिने भन्दै आएको छ तर विद्यालयले परीक्षा शुल्क, नाम दर्ता र स्थानान्तरण प्रमाणपत्रमा समेत रकम असुल्द छ।'

उपमहानगरपालिकाले सार्वजनिक गरे अनुसारको खाजा विद्यार्थीहरुलाई नदिई प्रत्येक दिन मुरही घुघनी मात्र विद्यार्थीहरुलाई खुवाउने गरेको आरोप अभिभावकहरुको रहेको छ। तिनीहरुले भने सबै दिन मुरही घुघनी खानाले बच्चाहरुको पेट खराब हुने सम्भावना रहन्छ। प्रधानाध्यापक रामचन्द्र मण्डलले गत वर्ष छात्रवृति वितरण गरिएको दाबी गर्दे यसवर्ष शिक्षक कर्मचारीको आभावले गर्दा वितरण गर्न नसकिएको बताउँछन्। उनले भने ' हामीले निर्णय गरिसकेका छौं ५/१० दिनभित्रै छात्रवृति वापत प्रत्येक वर्ष झै यसवर्ष पनि पोशाक नै वितरण गर्देछौं।'

जहाँसम्म परीक्षा शुल्क, नाम दर्ता र स्थानान्तर प्रमाणपत्र वापत रकम लिने गरेको स्वीकार गर्दे प्रधानाध्यापक भन्छन् ' परीक्षा शुल्क मात्रै लिने गरिएको छ, त्यो पनि एकदम पनि न्यून छ।विद्यालयका केही खर्च वहन गर्न हामीले समाजकै निर्णय अनुसार परीक्षा शुल्क वापत न्यून रकम लिने गरेका छौं।' छात्रवृति वितरणबारे उपमहानगरपालिकाको शिक्षा इकाई समितिका मेहीलाल यादवका अनुसार प्रत्येक वर्ष छात्रवृति रकम पठाइएको छ। यादव भन्छन् 'यदि कुनै विद्यालयले वितरण गरेको छैन भने गलत कुरा हो। यस सम्बन्धमा हामी बुझ्छौ।' विद्यालय व्यवस्थापन समिति गठन गर्ननसकेका विद्यालयहरुको हकमा भने अनुदान कट्टा गर्ने निर्णय भएको जानकारी यादवले दिए। सो विद्यालयका शिक्षकहरुले विद्यालय भवनमै निजी टियूशन पढाएर दुरुपयोग गर्दै आएको आरोप एक अभिभावकले नाम नबताउने शर्तमा बताए। उनले भने 'विद्यालय सार्वजनिक सम्पति हो यसमा निजी व्यवसाय गर्न सकिदैन। तर विद्यालयका शिक्षकहरुले प्रत्येक विद्यार्थीसँग ३ सयदेखि ५ सय रुपैयाको दरले बिहान र बेलुका टियूशन पढाउने गरेका छन्। प्रधानाध्यापक रामचन्द्र मण्डलले स्कुलमा ट्रियुशन पढाउने थालनी गरेको बताउँदै स्थानीय भन्छन् 'विवाद भएपछि प्रधानाध्यापकले छोडे पनि अन्य शिक्षकहरु लगाएर ट्रियुशनको नाममा व्यवसाय गर्दै आएका छन्।

सार्वजनिक सम्पतिको प्रयोग गरी निजी ट्रियशन संचालन गरेर विद्यालयलाई के फाइदा भइरहेको भन्ने जिज्ञासामा उनले उनी भन्छन् 'यसमा विद्यालयभन्दा पनि विद्यार्थीहरुलाई फाइदा छ। यसमा सार्वजनिक सम्पतिको कतै दुरुपयोग भएको हामीले देख्दैनौ।' विद्यालयमा वर्षौदेखि विद्यालय व्यवस्थापन समिति समेत गठन हुनसकेको छैन। अभिभावकहरु प्रधानाध्यापककै कारणले व्यवस्थापन समिति गठन हुननसकेको आरोप लगाएका छन्।

## आफ्नै निर्णय कुल्चदै................

गरिएको बारे जिज्ञासा राख्दा पुर्वाधार विकास कार्यालय पर्साका प्रमुख दिपक मिश्रले बचाउ गर्दै भने यो शुरुमै सम्झौता भएको थियो, पछिल्लो वर्षकै योजना रहेको भनी पन्छिने प्रयास गरेका छन्।

पछिल्लो वर्षको योजना अहिले शिलान्यास गर्नुको के तुक भन्ने प्रश्न गर्दा प्रमुख मिश्रले निर्माण कार्य जारी रहेको अहिले किन शिलान्यास गरयो भन्ने कुरा म त्यहाँ नगएको कारण आफूलाई थाहा भएन बताए। उनका अनुसार सम्झौता नभएका र सम्झौता भएपनि कार्यान्वयनमा नआएका योजनाहरुको विवरण भौतिक पुर्वाधार विकास मन्त्रालयमा पठाइ सकिएको छ। ती मध्येका योजना हो/होइन बारे उनले खुलाउन चाहेनन्। अर्थ मन्त्रालयले प्रदेश सरकारका मन्त्रालय तथा मातहतका कार्यालयहरुलाई आर्थिक गतिविधिमा आएको संकुचन, राजश्व संकलन हुन नसकेको, नेपाल सरकारबाट प्राप्त हुने अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त हुने आएमा प्रभाव पर्ने भएकाले खर्च कटौती गर्न भनी विभिन्न शीर्षकमा खर्च कटौती सहित विकास निर्माण योजनाहरु रोक्का गर्न निर्देशन दिएको थियो।

अर्थ मन्त्रालयले वित्त सन्तुलनका लागि योजनाहरु रोक्का गरिएको भनेपनि यसबारे सम्बन्धित मन्त्रालय तथा कार्यालयहरुले गत वर्ष छुट भुक्तानी र बहुवर्षिय योजनामा बजेट आभावको कारण योजनाहरु रोक्का गरिएको बताउँदै आएका छन्।

अर्थ मन्त्रालयले अन्य भत्ता, इन्धन, सवारी साधन मरम्मत सम्भार, मेशनरी तथा औजार, निर्मित सार्वजनिक सम्पतिको मरम्मत सम्भार, मसलन्द तथा कार्यालय सामाग्री, पत्रपत्रिकार छपाई तथा सूचना प्रकाशन, कर्मचारी तालिम खर्च, सीप विकास तथा जनचेतनामूलक तालिम गोष्ठी, उत्पादन सामाग्री खर्च, भ्रमण खर्च, सार्वजनिक निर्माण तथा निर्मित भवनको संरचनात्मक सुधार लगायतका खर्चमा २० प्रतिशत कटौती गर्न निर्देशन गरेको छ।

## संविधान संशोधन आवश्यक...........

। 'जसको प्रतिफल स्वरुप आज हामी जनयुद्ध दिवस मनाइरहेका छौं' यादवले भने 'संघीयता कार्यान्वयनमा प्रदेशलाई अधिकार सहितको समृद्ध बनाउन संघीय सरकारको दायित्व हो।' संघीय सरकारको नेतृत्व माओवादी केन्द्रले नै गर्दै आएको कारण प्रहरी समायोजन गरी प्रदेशको मातहतमा दिनुपर्ने, संघीय निजामति ऐन पारित गर्नुपर्ने र नागरिकता विधेयक तत्काल पारित गराउन प्रमुख दायित्व रहेकाले तत्काल यसतर्फ ध्यान दिन आग्रह गरे।

सभामुख रामचन्द्र मण्डलले नेपालका बामपन्थीहरुले बाटो विराएको बताउँदै जनयुद्धको समीक्षा र स्मरण गर्दा जनयुद्धका सम्पुर्ण उद्देश्य र भावनाहरु विर्सिएको चर्चा गर्दे सुध्रने छाँटकाट नदेखिएको बताए।

'दीर्घकालिन जनयुद्ध मार्फत गाँउबाट शहर घेर्ने भन्थ्यौं र शस्त्र क्रान्ति मार्फत जनताको मुक्तिलाई साकार गर्ने भन्थ्यौं' मण्डलले प्रश्न गरे 'खोइ त कता गए ति योजना र एजेन्डा ?' मण्डल माओवादीबाट एमालेमा आएका हुन्। बौद्धिक नेता मण्डलले भने 'तत्कालिन फौजी हामीले जनताको क्रान्तिको सपना पुरागर्ने धेरै कुरा गर्यौं तर हाम्रै कारण सम्भव देखिदैन पनि भन्यौं, मलाई पिडा छ, के सोचेर जनयुद्धमा लागे आज के कारण यहाँ छु।' ण्द

कार्यक्रममा प्रदेश प्रमुख हरिशंकर मिश्र, उद्योग, पर्यटन तथा वन मन्त्री सुनिता यादव, शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश यादव र माओवादी केन्द्र प्रदेश संसदीय दलका नेता भरत साह लगायत व्यक्तिहरुले आआफ्ना धारणा राखेका थिए।

कार्यक्रममा जनयुद्धमा शहादत प्राप्त ५४० शहीद परिवारलाई एक लाख रुपैयाका दरले राहत समेत वितरण गरिएको थियो। गत वर्षदेखि प्रदेश सरकारले जनयुद्ध दिवस मनाउँदै आएको हो।

# रास्वपा तत्काल सरकारमा नजाने



काठमाडौँ, १ फागुन
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तत्काल सरकारमा सहभागी नहुने भएको छ। बसुन्धरास्थित पार्टी कार्यालयमा आज बसेको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले तत्कालका लागि सरकारमा सहभागी नहुने निर्णय गरेको हो। पूर्वसहमतिअनुसार गृह मन्त्रालय पाएमा मात्र सरकारमा जाने निर्णय भएको पार्टीका सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीले जानकारी दिएका छन।

त्यसैगरी सो पार्टीले केन्द्रीय समिति विस्तार गरी ४० सदस्यीय बनाएको छ। २४ सदस्यबाट १६ जना थप गर्दै ४० सदस्यीय बनाएको हो। बैठकले निशा मेहता, विन्दवासिनी कंसाकार, रूपा शङ्कर, विजय जैरु, मेघ आले, मोहनबहादुर थापा, खुस्बुसरकार श्रेष्ठ, टीका सङ्ग्रौला ज्वाला, हरि भट्ट, ध्रुव गिरी, लीमा अधिकारी, रमेश प्रसाईं, अर्जुन अधिकारी, क्रान्तिशिखा धिताल, प्रतिभा रावल र गोमा क्षेत्रीलाई केन्द्रीय सदस्य बनाउने निर्णय गरेको सहमहामन्त्री बुर्लाकोटीले जानकारी दिए। बैठकले आगामी वैशाख १० गते हुने चितवन-२ को उपनिर्वाचनमा जान तयार रहने निर्णय पनि गरेको छ।

सर्वोच्च अदालतले माघ १३ गते पार्टी सभापति लामिछानेको नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरेपछि रास्वपाका सभापति रवि छामिछानेले राजीनामा दिएका हुन। गृह मन्त्रालय नपाएपछि रास्वपाले सरकारलाई दिएको समर्थन यथावत् राख्दै २२ माघमा सरकारबाट बाहिरिएको थियो।रासस

## प्राकृतिक स्रोतमा ..........................................

प्रदेशबिच तथा प्रदेश प्रदेशबिच उत्पन्न राजनीतिक विवादको समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा अन्तरप्रदेश परिषद् रहने व्यवस्था गरेको छ। यो आयोगले पनि प्राकृतिक स्रोतसम्बन्धी विवादको समाधान गर्ने काम नगर्ने स्पष्ट छ। यसरी नेपालका संवैधानिक र कानुनी व्यवस्थाहरूलाई हेर्दा प्राकृतिक स्रोतको अन्तरप्रदेश उपयोग र विवाद समाधान गर्ने शक्तिशाली संयन्त्रको अभाव भएको देखिन्छ।

"भोलिका दिनमा वन पैदावार, खनिज पदार्थ र पर्यटकीय पूर्वाधारको संरक्षण, उपयोग, बजारीकरण र लाभलाई लिएर विवाद हुने निश्चित छ। प्रदेशका नीति र कार्यक्रमहरूले निम्त्याउने विवादले वर्षौंदेखि मिलेर बसेका प्रदेशवासीलाई विभाजित गर्ने र आर्थिक सामाजिक द्वन्द्व बढाउने कुरालाई नकार्न सकिँदैन। जल, जमिन र जङ्गलमा टेकेर प्रदेशहरूले धमाधम समृद्धिका योजनाहरू बनाउन थालेका छन्। यस्ता योजनाहरू बनाउँदा प्राकृतिक स्रोतको अन्तरप्रदेश प्रभावको बारेमा विचार गर्ने फुर्सद कसैलाई छैन। अहिले साझा नदीको पानीको उपयोग र लाभलाई लिएर विवाद देखिएको छ।

भोलिका दिनमा वन पैदावार, खनिज पदार्थ र पर्यटकीय पूर्वाधारको संरक्षण, उपयोग, बजारीकरण र लाभलाई लिएर विवाद हुने निश्चित छ। प्रदेशका नीति र कार्यक्रमहरूले निम्त्याउने विवादले वर्षौंदेखि मिलेर बसेका प्रदेशवासीलाई विभाजित गर्ने र आर्थिक सामाजिक द्वन्द्व बढाउने कुरालाई नकार्न सकिँदैन। अहिले प्रदेशहरू योजना निर्माणकै चरणमा रहेकाले प्राकृतिक स्रोत सम्बन्धमा छिमेकी सरोकारवाला प्रदेशहरूसँग मिलेर साझा योजना बनाउनु जरुरी छ।

विवाद बढेपछि सङ्घीय सरकार वा आयोगलाई गुहार्नुभन्दा साझा प्राकृतिक स्रोतको उपयोग र लाभको समन्यायिक वितरण सम्बन्धमा छिमेकी प्रदेशहरूको संयुक्त आयोग बनाएर काम गर्नु जरुरी छ। सुरुवाती चरणदेखि नै प्रदेशहरूले मिलेर काम गर्न सकेमा कुनै नेताले अर्को नेतालाई फकाउन खोज्ने र अर्को नेता फकिन नचाहने प्रवृत्ति सदाका लागि अन्त्य हुनेछ र यो अवस्था प्रदेशको समृद्धिको पहिलो खुड्किलोसमेत हुनेछ।

(अढाई दशकदेखि वातावरणीय लेखनमा सक्रिय युवराज कँडेलका सुशासन, वातावरणीय न्याय र विकासका बारेमा विभिन्न पत्रपत्रिका र जर्नलहरूमा १२०० भन्दा बढी लेखहरू प्रकाशित छन्–श्रोत : आइएनएस समाचार संस्था)




'नरेगा संघर्ष मोर्चा' (राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी) को प्रतिनिधित्व गर्ने सदस्यहरू फेब्रुअरी १३, २०२३ मा नयाँ दिल्लीमा राम्रो सम्भावना र सुविधाको माग गर्दै प्रदर्शनमा भाग लिइरहेका छन् । *(सज्जाद हुसैन / एएफपी द्वारा फोटो)*

# आँधीका कारण न्युजिल्यान्डमा विद्युत्, उडान र यातायात सेवा अवरुद्ध

वेलिङ्गटन, १ फागुन

न्युजिल्यान्डको उत्तरी भागमा आएको उष्णकटिबन्धीय आँधीका कारण सोमबार हजारौं घरहरु विद्युतविहीन हुनुका साथै उडानहरु अवरुद्ध भएका छन् ।

आपतकालीन व्यवस्थापन मन्त्री किरन म्याकएनल्टीले तीव्र हावा र भारी वर्षाको ' अत्यधिक खतरनाक' संयोजनको कारण देशले व्यापक क्षति व्यहोर्नुपरेको छ । आँधीको अवस्था शुरूमाभन्दा कमजोर भएपनि यसले शहर तथा ग्रामिण क्षेत्रमा व्यापक रूखहरु ढालेको छ, सडकहरुमा क्षति पुऱ्याएको छ र विद्युत लाइन अवरूद्ध भएका छन् । अकल्याण्डसहित उत्तरी पाँच क्षेत्रमा आपतकालीन अवस्था घोषणा गरिएको छ ।न्युजिल्यान्डको नर्थ आइल्याण्डमा करिब ५८ हजार मानिस विद्युत्विहीन भएका छन् । अधिकारीहरूले यो सञ्जाल पुनःस्थापित गर्न केही दिन लाग्न सक्ने बताएका छन् ।

म्याकएनल्टीले भन्नुभयो, जबसम्म मौसम खराब रहन्छ, तबसम्म नेटवर्कमा काम गर्न वास्तवमा असुरक्षित छ ।

न्युजिल्यान्डको सबैभन्दा ठूलो सहरमा गत महिना आएको बाढीका कारण चार जनाको मृत्यु हुनुका साथै हजारौं मानिस विस्थापित बनेका थिए । उक्त क्षतिको घाउ नमेटिँदै यो अर्को प्राकृतिक विपत्ति आएको छ ।

नर्थल्याण्ड क्षेत्रमा १४० किलोमिटर प्रतिघण्टाको रफ्तारमा आएको हावाहुरीले क्षति पुऱ्याएको थियो भने अकल्याण्ड हार्बर ब्रिजमा ११० किलोमिटर प्रतिघण्टाको वेगले आँधीले प्रवेश गरेको थियो ।

म्याकएनल्टीले भन्नुभयो, सरकारले देशको इतिहासमा तेस्रो पटक राष्ट्रिय आपतकालीन अवस्था घोषणा गर्ने बताइरहेको छ । मेरो विचारमा आपतकालीन अवस्थाको घोषणा गरिहाल्नु पर्दैन । किनकि आँधीको रफ्तार कमजोर भइसकेको छ । मौसमले न्युजिल्यान्डको यातायात सञ्जाललाई पनि तहसनहस पारेको छ, उडान, रेल र बस तालिकाहरू सबै नराम्ररी प्रभावित भएका छन् ।



एयर न्युजिल्यान्डले हालसम्म ५०९ उडान रद्द गरेको तर मङ्गलबारदेखि सामान्य उडान सुरु हुने अपेक्षा गरिएको जनाएको छ । उक्त विमान सेवालेले १० हजारभन्दा अन्तर र्राष्ट्रिय सेवाग्राहीहरू प्रभावित भएको र छ हजार ५०० लाई पुनः टिकट बुक गर्नु परेको बताएको छ ।(रासस/एएफपी)

# टर्की र सिरिया भूकम्पको एक हप्तापछि दुई जनाको चमत्कारिक उद्धार



टर्की, १ फागुन

टर्की र सिरियामा भूकम्प गएको एक सातापछि भग्नावशेषभित्र पुरिएको अवस्थामा टर्कीमा थप दुई व्यक्तिलाई सकुशल उद्धार गर्न सफल भएका छन् ।

भूकम्पमा परी टर्की र सिरियामा गरी ३४ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । उद्धार कार्य जारी रहेको छ भने भूकम्पका कारण मृत्यु हुनेको सङ्ख्या अझै हजारौं रहेको हुनसक्ने अनुमान गरिएको छ ।

गत सोमबारको विनाशकारी भूकम्पपछि भत्किएका भवनको भग्नावशेषमा करिब सात दिनसम्म फसेका एक बालक र ६२ वर्षीया महिलालाई चमत्कारिक रूपमा उद्धार गरिएको हो ।

सात वर्षीय मुस्तफालाई दक्षिणपूर्वी टर्कीको हताय प्रान्तबाट उद्धार गरिएको छ भने नाफिज यिल्माजलाई नुर्दागीबाट उद्धार गरिएको छ । दुवै जना १६३ घण्टासम्म भग्नावशेषमा फसेका थिए ।

टर्कीको विपद् व्यवस्थापन निकायका अनुसार टर्कीका ३२ हजारभन्दा बढी व्यक्ति खोजी तथा उद्धारकार्यमा जुटेका छन् भने आठ हजार २९४ जना अन्तर्राष्ट्रिय उद्धारकर्ताले पनि उद्धार गरिरहेका छन् ।

बेलायती खोजी टोलीका एक सदस्यले आइतबार ट्वीटरमार्फत् पोस्ट गरेको भिडियोमा एक उद्धारकर्ताले भग्नावशेषबाट बनेको सुरुङबाट तल झरेर हातायमा भग्नाबशेषमा रहेका टर्कीका एक व्यक्तिलाई उद्धार गरिएको देखिन्छ ।

खोज टोलीहरू समय वित्दै जाँदा हराइरहेका थप व्यक्तिहरूको उद्धारमा खटिरहेका छन् । विशेषज्ञहरूले भग्नावशेषमा जीवित व्यक्तिहरू फेला पार्ने आशा प्रत्येक दिन धुमिल बन्दै गएको बताएका छन् ।

उद्धार टोलीहरूले सेन्सर र उन्नत खोजी उपकरणहरूको अभावमा काम गरिरहेको र यसले उद्धारमा ढिलाई भएको बताएका छन् । उद्धारकर्ताहरूले सावधानीपूर्वक बेल्चा तथा अन्य हाते उपकरण भग्नावशेषलाई खन्न र अवरोध हटाउन बाध्य भएको बताएका छन् ।

उत्तरपश्चिम सिरियाको जाबलेहका नागरिक सुरक्षा प्रमुख अला मौबाराकले भन्नुभयो, यदि हामीसँग आधुनिक उपकरण भएको भए हामी सयौंको ज्यान बचाउनसक्थ्यौं । (रासस/एएफपी)

# हमास समूहको गाजास्थित भवनमा इजरायली हवाई आक्रमण

गाजा सिटी, १ फागुन

प्यालेस्टिनी इलाकाबाट सप्ताह अन्तमा प्रहार गरिएको रकेटको जवाफमा सोमबार गाजामा हवाई आक्रमण गरेको इजरायलली सेनाले जनाएको छ । प्यालेस्टाइनी रेड क्रिसेन्टले उत्तरी पश्चिमी किनाराको नाब्लुसमा इजरायली सेनाको आक्रमणमा परी एक व्यक्तिको मृत्यु भएको जनाएको छ । सेनाले नाब्लुसको आक्रमणबारे तत्काल थप टिप्पणी गरेको छैन । तर गाजामा उसले 'हमास आतङ्कवादी सङ्गठनसँग सम्बन्धित रकेट निर्माणमा प्रयोग हुने कच्चा पदार्थ भएको भूमिगत भवनमा आक्रमण गरेको' बताएको छ ।गाजाबाट इजरायलतर्फ शनिबार गरिएको रकेट प्रक्षेपणको प्रतिक्रियास्वरूप उक्त आक्रमण गरिएको सेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

इजरायली आक्रमणपछि गाजाको सीमा नजिकका समुदायमा हवाई आक्रमणको साइरन बज्न थालेको सेनाले जनाएको छ ।पछिल्लो चरणको क्षेप्यास्त्र आक्रमणपछि गाजा र इजरायलमा कुनै हताहत भएको खबर प्राप्त भएको छैन ।तर इजरायल-प्यालेस्टिनी द्वन्द्वले हिंसामा नाटकीय वृद्धि भोगिरहेको छ ।

सन् २०१९ को सुरुदेखि अहिलेसम्म नाब्लुसमा भएको



पछिल्लो घटनापछि भएको द्वन्द्वमा बालबालिकाकासहित ४७ जना प्यालेस्टिनीको ज्यान गइसकेको छ ।सोही अवधिमा तीन बालबालिकासहित नौ इजरायली र एक युक्रेनी नागरिकको मृत्यु भएको छ ।इजरायलको सुरक्षा क्याबिनेटले पूर्वी जेरुसेलममा प्यालेस्टाइनले गरेको घातक आक्रमणको प्रतिक्रियास्वरुप पश्चिम किनाराका नौ यहूदी बस्तीलाई वैधानिकता दिने घोषणा गरेको छ । सुरक्षा क्याबिनेटले जारी गरेको वक्तव्यमा भनिएको छ, नयाँ अधिकार प्राप्त समुदायहरूमध्ये धेरै वर्षौंदेखि अस्तित्वमा थिए र अन्य दशकौंदेखि अस्तित्वमा थिए, तर इजरायल सरकारले पहिले उनीहरूलाई वैधको रूपमा मान्यता दिएको थिएन । इजरायलले सन् १९६७ को छ दिने युद्धदेखि नै पश्चिम किनाराकब्जा गर्दै आएको छ ।करिब चार लाख ७५ हजार यहूदीहरू अहिले प्यालेस्टिनी इलाकामा बसोबास गर्छन्, जुन समुदायहरूको बसोबासलाई अन्तर्राष्ट्रिय कानूनले अवैध मान्दै आएको छ । त्यसमध्ये अधिकांश जनसंख्या इजरायलले एकतर्फी रूपमा अनुमति दिएका बस्तीहरूमा छन्, तर कतिपय सरकारी अनुमति नपाएका समुदायमा पनि बस्छन् । सुरक्षा क्याबिनेटले वेस्ट बैंकमा नयाँ चरणको आवास निर्माणको घोषणा गर्न चाहेको पनि बताएको छ, जुन कदमले व्यापक अन्तर्राष्ट्रिय निन्दा आकर्षित गर्ने सम्भावना छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत महिना यस क्षेत्रको भ्रमणका क्रममा बस्ती विस्तार नगर्न सुझाब दिनुभएको थियो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कट्टरपन्थी सरकारले इजरायलको कब्जामा रहेको पूर्वी जेरुसेलममा सुरक्षा व्यवस्था कडा बनाउने घोषणा गरेको छ । (रासस/एएफपी)

# चर्च ब्वाइजलाइ हराउँदै सुदुरपश्चिम ११ राजर्षि जनक कपको सेमिफाइनलमा



घनश्याम बलम्पाकी

सर्लाही, १ फागुन

चर्च ब्वाइज क्लब ललितपुरलाई सडन डेथ ७-६ मा स्तब्ध पार्दै सुदूरपश्चिम-११ धनगढी सातौं राजर्षि जनक कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमवार सर्लाहीको बागमतीस्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृति खेल मैदानमा सम्पन्न प्रतियोगिताको दोस्रो क्वाटरफाइल खेलमा ए डिभिजनको नवप्रवेशी चर्च ब्वाइजलाईपराजितगर्दैमोफसलको चर्चित क्लब सुदूरपश्चिम-११ अन्तिम चारमा प्रवेश गरेको हो । खेलको निर्धारित र अतिरिक्त २० मिनेटको समय गोलरहित बराबरीमा सकिएपछि खेलको नजिता ट्राइब्रेकरबाट निकालिएको हो । टाइब्रेकरमा बिजेता सुदूरपश्चिम-११ का लागि फागुराम थारु, ओमप्रकाश चौधरी, माइकल शाही, सुनिल श्रेष्ठ, माधव भण्डारी, राहुल खोखार र गगनदीप सिंहले गोल गरे । दीपेन्द्र मलासीले क्रसबार बाहिर प्रहार गरे । चर्च ब्वाइजका लागि सुवास गुरुङ, अनाश मगर, मौसम सुब्बा, आशिष चौधरी, प्रशान्त लाक्सम र मनिषकुमार जर्गाले मात्रै गोल गरे । उसका आशिष चापागाईले क्रसबार बाहिर प्रहार गरे भने सविन खड्काले गरेको प्रहार क्रसबारमा लागेर बाहिरियो ।

आजको खेलमा सूदुरपश्चिम-११ का गगनदीप सिंहले म्यान अफ दी म्याच बन्दै नगद १० हजार रुपियाँ प्राप्त गरेका छन् । यसअघि हिजो पहिलो क्वाटरफाइनल खेलमा साबिक बिजेता पिप्ले युवा क्लब हेटौंडालाई ३-२ गोलले हराउँदै जावलाखेल यूथ क्लब सेमिफाइनलमा प्रवेश गरेको थियो । प्रतियोगिताको तेस्रो क्वाटरफाइनल खेलमा मंगलवार नव जनजागृति युवा क्लब सिमरा र सङ्कटा क्लब काठमाडौंबीच हुनेछ ।

सर्लाहीको बागमाती नगरपालिका-११ कर्मैयास्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा जारी प्रतियोगितामा एक विदेशी क्लब सहित १२ वटा टिम सहभागि प्रतियोगिताका विजेताले नगद १० लाख सहित प्रथम उपाधी प्राप्त गर्नेछ भने उपविजेताले ५ लाख रुपैंया प्राप्त गर्नेछ 'मधेश प्रदेशको शान, राजा जनक प्रतिको सम्मान' भन्ने नारा सहित सूरु भएको प्रतियोगिताको आगामी फागुन ७ गते फाईनल खेल हुने आयोजक बागमती क्लबका अध्यक्ष मैनालीले जानकारी दिए ।

# कलैयामा मेयर टि २० कप क्रिकेट प्रतियोगीता हुने

मधेशदृष्टि

वीरगंज,१ फागुन ।

बाराको कलैयामा फागुन ९ गते देखि कलैया टि-२० मेयर कप क्रिकेट प्रतियोगिता हुने भएको छ । कलैया उपमहानगरपालिकाको सहयोगमा कलैया क्रिकेट क्लबले कलैया मेयर टि-२० मेयर कप क्रिकेट प्रतियोगिता आयोजना गर्न लागेको हो । सोमबार कलैयामा पत्रकार सम्मेलन गरि क्लबले प्रतियोगिताका बारेमा जानकारी पनि गराएको छ ।

कलैयाको सिद्धेश्वर स्थित खेल मैदानमा सन्चालन हुने प्रतियोगितामा नेपाल र भारतका गरि ६ वटा टिमले भाग लिनेछन्। प्रतियोगितामा नेपालको बाराको कलैया , पर्साको वीरगन्ज , चितवन र मकवानपुर तथा भारत बिहारको बेतिया र मोतिहारी क्रिकेट क्लबले भाग लिने आयोजक कलैया क्रिकेट क्लबलका अध्यक्ष तसिरुद्दिन मन्सूरले पत्रकार सम्मेलनमा जानकारी गराए ।

प्रतियोगितको उपाध विजेता टिमलाई नगद ६० हजार सहित ट्रफी र उपविजेता टिमलाई नगद ३० हजार सहित ट्रफी प्रदान गरिने अध्यक्ष मन्सूरले बताए ।पत्रकार सम्मेलनमा कलैया उपमहानगरपालिकाका मेयर विनोद साहले प्रतियोगिताको विजेता र उपविजेता टिमलाई प्रदान गरिने ट्रफी सार्वजनिक गरेका थिए ।

कलैया क्रिकेट क्लबका मन्सूरको अध्यक्षता तथा कलैया उपमहानगरपालिकाका मेयर विनोद साहको प्रमुख आतिथ्यतामा भएको पत्रकार सम्मेलनमा जिल्ला क्रिकेट संघ बाराका अध्यक्ष प्रभात चौर सिया, सचिव अनिल चौगाई, कोषाध्यक्ष सुभाष जयसवाल , लगायतको उपस्थिति थियो ।

# 'हजारौं शरणार्थीलाई अष्ट्रेलियाको आवासीय अनुमति दिइने'

क्यानबेरा, १ फागुन

अस्ट्रेलियाले हजारौं शरणार्थीलाई आवासीय अनुमति दिनेभएको छ । अस्ट्रेलियाका अध्यागमनमन्त्री एन्ड्रयु जाइल्सले केही अस्थायी भिसा धारीका लागि स्थायी भिसाको लागि मार्ग प्रशस्तगर्ने आफ्नो चुनावी प्रतिबद्धता पूरा गर्न लागेको सोमबार घोषणा गर्नुभएको हो ।जाइल्सले लेबर सरकारको चुनावी प्रतिबद्धता पूरा गर्दै सन् २०१३ भन्दा अघि डुङ्गाबाट अस्ट्रेलिया आएका करिब १९ हजार शरणार्थीलाई दुई प्रकारका अस्थायी भिसामा स्थायी बसोबासका लागि निवेदन दिन अनुमति दिइने बताउनुभएको हो । यो प्रावधानले शरणार्थीहरूलाई सामाजिक सुरक्षा, सार्वभौमिक स्वास्थ्य सेवा, राष्ट्रिय अशक्तता बीमा योजना, उच्च शिक्षा ऋणमा पहुँच प्रदान गर्दछ र नागरिकताको लागि मार्ग प्रशस्त गर्छ । यसले उनीहरूलाई अष्ट्रेलियामा तत्काल परिवार ल्याउन अनुमति दिन्छ । यस कदमको घोषणा गर्दै जाइल्सले काम गर्ने, कर तिर्ने, व्यवसाय सञ्चालन गर्ने र अष्ट्रेलियालीहरूलाई उनीहरूको



भिसा स्थितिका कारण अलपत्र राख्नुको कुनै अर्थ नभएको बताउनुभयो । स्थायी भिसा नभएका कारण उनीहरूले घर किन्न, व्यवसाय गर्न वा थप शिक्षा हासिल गर्न ऋण पाउन सकेका छैनन्, उहाँले भन्नुभयो । आर्थिक वा सामाजिक रूपमा उनीहरूलाई अलपत्र राख्नुको कुनै अर्थ छैन । शरण खोज्ने डुङ्गाहरूको आगमन रोक्ने उद्देश्यले सीमा सुरक्षा अभियान, (अप्रेसन सोभर्न बोर्डर्स) सुरु हुनुभन्दा पहिले अस्ट्रेलिया पुगेकाहरू मात्र बसोबासका लागि योग्य हुनेछन् । यसैबीच, गृहमन्त्री क्लेयर ओनिलले सरकार जारी अपरेशनका लागि प्रतिबद्ध रहेको र डुङ्गाबाट अष्ट्रेलिया आउने जो कोहीलाई पनि अस्ट्रेलियामा बस्न नदिइने बताउनुभयो । उहाँले भन्नुभयो,म स्पष्ट पार्न चाहन्छु कि यदि तपाईं वैध भिसा बिना अष्ट्रेलिया प्रवेश गर्न खोज्नुहुन्छ भने, तपाईंलाई फिर्ता पठाइनेछ वा तपाईंको मुख्य बन्दरगाहमा फर्काइनेछ ।उहाँले भन्नुभयो, अपरेसन सोभरेन बोर्डरअन्तर्गत अष्ट्रेलियामा बसोबास गर्ने सम्भावना शून्य छ । अष्ट्रेलियन डिफेन्स फोर्स र अस्ट्रेलियन बोर्डर फोर्सले हाम्रो जलक्षेत्रमा गस्ती गरिरहेका छन् र प्रवेश गर्न खोज्ने कुनै पनि डुङ्गालाई रोक्न र फिर्ता गर्न खोजिरहेका छन् । (रासस/सिन्हवा)

# हेटौंडासँग राजधानी जोड्ने छोटो दुरीको सडक बन्द

मधेशदृष्टि
वीरगंज, १ फागुन ।
हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो दुरीका दुईवटै सडक सोमबारदेखि २ महिनाका लागि बन्द गरिएको छ । हेटौंडाबाट भिमफेदी-कुलेखानी-फाखेल-हुमाने-फर्पिङ हुँदै काठमाडौं जोड्ने सडक र हेटौंडाबाट भिमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-फर्पिङ हुँदै काठमाडौं जोड्ने सडक निर्माण थालिएकाले आजदेखि दुई महिनासम्मका लागि बन्द गरिएको हो ।
द्रुत गतिमा निर्माण सम्पन्न गर्न सडक बन्द गरिएको बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता नविन सिंहले जानकारी दिए ।वैकल्पिक सडकको रुपमा हेटौंडाबाट काठमाडौं जानका लागि हेटौंडा-कुलेखानी-मार्खु-चित्लाङ-थानकोट सडक र काठमाडौंबाट हेटौंडा फर्किंदा कान्ति लोकपथ खण्डबाट यातायात सुचारु गरिएको उनले बताए ।
उनले सर्वसाधारणलाई यही वैकल्पिक सडक प्रयोग गर्न अनुरोध पनि गरेका छन् ।मन्त्रालयले यो सडकखण्ड अन्तर्गत भैंसे-भिमफेदी खण्ड, हेवी-कलंकी-हुमाने खण्ड, हुमाने-फर्पिङ खण्डको सडक र कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली सडकखण्डको ठेक्का लगाएर निर्माणको कार्य गरिरहेको छ । यसअघि भिमफेदी कुलेखानी खण्डको निर्माण सम्पन्न भइसकेको छ ।



बीरगंजस्थित चिनिमिल अवास क्षेत्रभित्र रहेको पशुपतिनाथ मन्दिरमा सोमबार साझ गरिएको महाआरतिको दृश्य । *तस्विरः मधेशदृष्टि*

# धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्न पिपराको पशुपतिनाथ मन्दिरमा महाआरती



मधेशदृष्टि
वीरगंज, १ फागुन ।
महाशिवरात्रि पर्वको अवसरमा धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले वीरगंजको वडा नम्बर १४ पिपरामा रहेको पशुपतिनाथ मन्दिरमा सोमवार साँझ भव्य महाआरती गरिएको छ ।
भारतको काशी विश्वनाथका मुख्य पुजारी डा.श्रीकान्त मिश्र, जनकपुरधाम स्थित जानकी मन्दिरका महन्थ रोशन दास, भारत अयोध्याबाट आएका साधु सन्त महन्थहरुको विशेष उपस्थितिमा सोमवार साँझ महाआरतीको आयोजना गरिएको बीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताएका छन ।
वीरगञ्जमै पहिलो पटक नेपाल तथा भारतका प्रख्यात तिर्थ स्थलबाट मुल पुजारी तथा भट्टहरुलाई आमन्त्रण गरी महाआरती गरिएको यो पहिलो पटक हो । वीरगञ्ज महानगरपालिका र विश्व हिन्दु परिषद्को संयुक्त आयोजनामा महाआरती सम्पन्न भएको छ ।
वीरगंजलाई धार्मिक पर्यटकीय गन्तव्यको केन्द्र बनाउने गरी वीरगञ्ज महानगरपालिकाले बीरगंजमा स्थापितआरध्यदेवपशुपतिनाथको दोश्रो मन्दिरको रुपमा रहेको पिपरा स्थित पशुपतिनाथ मन्दिरलाई झकिझाउ तथा सौन्दर्यकरण गरेको छ । मधेशमै एक मात्र रहेको पशुपतिनाथ मन्दिर सौन्दर्यीकरण गरेर यसको पहिचान स्थापित गर्न पनि नेपाल भारत दुवै देशका प्रख्यात धामका मुख्य पुजारी मार्फत महाआरती गरिएको हो । काठमाडौँको पशुपति नाथ मन्दिरसम्म जान नसक्ने नेपाल तथा भारतका भक्तजनहरू पिपरामा रहेको पशुपति मन्दिरमा पुगेर पूजा अर्चना गर्न सक्ने व्यवस्था समेत मिलाईएको नगर प्रमुख सिंहले जानकारी दिए ।
महाआरती कार्यक्रमलाई सोमवार साँझ सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले वीरगंजलाई आर्थिक सँगै धार्मिक केन्द्रको रुपमा विकास गरिने बताए । उनले देशको प्रमुखआर्थिक केन्द्र बीरगंज अब धार्मिक पर्यटनसँगै अन्य क्षेत्रलाई समेत जोडेर भारतीय पर्यटकको प्रमुख आकर्षणको केन्द्रको रुपमा विकास गर्ने लक्ष्य लिएर आफू अगाडी बढेको दावी गरेका थिए ।
सो अवसरमा भारतको काशी विश्वनाथका मुख्य पुजारी डा.श्रीकान्त मिश्र, जनकपुरधाम स्थित जानकी मन्दिरका महन्थ रोशन दासले भक्तजनहरुलाई धार्मिक प्रवचन समेत दिएका थिए ।

# ढुवानी संघका अध्यक्षमाथि कारवाहीको माग






मधेशदृष्टि
जनकपुरधाम,१ फागुन ।
पेट्रोलियम डिलर्स एशोसिएसन जनकपुरधामले संस्थाका साधारण सदस्य तथा पेट्रोलियम ढुवानी व्यवसायी संघ,जनकपुरधामका अध्यक्ष किशुनदेव साहमाथि अभद्र व्यवहार,गाली गलौज र हातपातको प्रयास विरुद्ध कारवाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन दिएका छन ।
एशोसीएसनको अधिवेसन चलिरहदा संस्थाका सदस्य साहले संस्थाको मानमर्यादालाई विचार नगरि प्रमुख निर्वाचन अधिकृत राजन प्रसाद दाहाल र वरिष्ठ सल्लाहकार रत्न कुमार पुर्वेलाई अभद्र व्यवहार र हुल हुज्जत गरेको भन्दै कारवाहीको माग गरिएको छ । आइतवार एशोसीएसनका महासचिव शत्रुधन यादवले जिल्ला प्रशासन कार्यालय धनुषामा बुझाएको निवेदनमा खुल्लासत्र भव्यरुपमा सम्पन्न भई बन्दशत्रमा कोषाध्यक्षको प्रतिवेदन,सदस्यता नविकरणबारे,विद्यान संसोधन सम्वन्धमा र कार्यसमितिको म्याद थप गर्ने सम्वन्धमा छलफल भई निर्णय समेत भइसकेको उल्लेख गरिएको छ ।
यता एशोसीएसनले संस्थाका सदस्य किशुनदेव साहलाई लिखित स्पष्टिकरण समेत माग गरेको छ । संस्थाका महासचिव शत्रुधन यादवले जारी गरेको स्पष्टीकरण पत्रमा १५ औ अधिवेसनको क्रममा वन्दशत्र चलिरहदा मान मर्यादालाई विचार नगरि के कति कारणले प्रमुख निर्वाचन अधिकृत राजन प्रसाद दाहाल र वरिष्ठ सल्लाहकार रत्नकुमार पुर्वेलाई अभद्र व्यवहार ,हुल हुज्जत र हातपातको प्रयास गरिएको हो त्यस सम्वन्धमा तीन दिन भित्र लिखित जवाफ प्रमाण सहितको सन्तोषजनक जवाफ र स्वयम उपस्थित हुन भनिएको छ ।
गत शनिवार जनकपुरधाममा भएको १५ औ अधिवेसनको क्रममा एसोसिएसनका सदस्य र पेट्रोलियम ढुवानी व्यवसायी संघ जनकपुरधामका अध्यक्ष समेत रहेका किशुनदेव साह एशोसिएसनको अध्यक्षको उम्मेदवारको रुपमा अगाडी आएका थिए तर संस्थाको वहुमत सदस्यले वर्तमान कार्यसमितिलाईनै पुनः एक वर्षकालागि समय थप गर्ने निर्णय गरेपछि साहले विवाद सृजना गरेको एशोसिएसनका अध्यक्ष विष्णुदेव साहले वताएका छन ।
संस्थागत निर्णय मान्नुपर्ने र निर्वाचन समितिले गरेको निर्णयलाई मान्नुपर्ने भन्दा प्रमुख निर्वाचन अधिकृत दाहाल र वरिष्ठ सल्लाहकार माथि हुलहज्जत सहित हातपातको प्रयास गर्नु कानुन विपरित छ,चित नबुझेको खण्ड कानुनी प्रक्रिया छदै रहेको खण्डमा हुल हुज्जत गर्नु अपराध रहेको उनले भने ।

# दिनदहाडै अपहरण गरि लुटपाट गर्ने गिरोहको पर्दाफास



मधेशदृष्टि
वीरगंज, १ फागुन ।
बीरगंजमा दिनदहाडै हतियार देखाएर एक भारतीय नागरिकको अपहरण गरी लुटपाट गर्ने गिरोहका ८ जनालाई पर्सा प्रहरीले पक्राउ सोमवार पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको छ । अपहरणकारीहरुले वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ स्थित रेल्वे सडकखण्डबाट गत विहिवार पेस्तोल देखाएर भारत विहारका विशाल कुमार पटवालाई अपहरण गरी बीरगंज महानगरपालिका वडा नम्बर १५ भिष्वामा पुर्‍याएर उनको साथमा रहेको ६ लाख ५० हजार रुपैया लुटपाट गरेका थिए । पटवाको अपहरण भएको खबर पाउनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी निरिक्षक प्रज्वल थपलियाको कमाण्डमा खटिएको प्रहरी टोलीले अपहरणमा परेका पटवालाई घटना लगतै वीरगञ्ज महानगरपालिका-१५ भिष्वाबाट सकुशल उद्धार गरेको पत्रकार सम्मेलनमा पर्साका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिएका छन ।
पर्सा प्रहरीले अपहरणकारीले लुटेको नगद मध्ये ४ लाख ९५ हजार नगद रुपैयाँ सहित १ थान पोस्तोल र सोको ५ राउण्ड गोली समेत बरामद गरि आज पत्रकार सम्मेलनमा सार्वजनिक गरेको छ । पटवाको अपहरणमा संलग्न भएको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साले सोमवार वीरगञ्ज महानगरपालिका वडा नम्बर २४ रामगढवा बस्ने विजय महतो, वडा नम्बर २ छपकैयाका सदाम अन्सारी, वडा नम्बर ११ श्रीपुरका सन्तोष लामा, मोजालिम मियाँ, रोशन थापा, बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २३ बस्ने मुकेश पटेल, परवानीपुर गाउँपालिका वडा नम्बर ३ बस्ने नबाब हुसेन र भारत बिहारको मोतिहारीका इमाम अन्सारी रहेका छन् ।
घटनाको मुख्य नाईके बीरगंज रामगढवाका विजय महतो रहेको पत्रकार सम्मेलनमा पर्साका प्रहरी उपरीक्षक कोमल शाहले बताए । पक्राउ परेका अपहरणकारी गिरोहको भारतमा पनि विभिन्न अपराधको घटनामा संलग्नता रहेको भन्ने अनुसन्धानको क्रममा खुलेको शाहले बताए ।
अभियुक्तहरुसँग प्रहरीलेअपहरणमा प्रयोग गरिएको ना १९ प २८०८, ना ६२ प १०० र बीआर १ सीआर २४२५ नम्बरको तीन वटा मोटरसाइकलसमेत बरामद गरेको प्रहरी उपरीक्षक शाहले पत्रकार सम्मेलनमा जानकारी दिए । पक्राउ परेका आठै जनालाई अपहरण तथा शरीर बन्धक, डाँका, हतियार तथा खरखजाना एवं संगठित अपराधसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिएका थिए ।

# समृद्धि संवाद अभियान प्रारम्भ

मधेशदृष्टि
जनकपुरधाम, १ फागुन ।
जनकपुरधामबाट समृद्धि संवाद अभियान प्रारम्भ भएको छ । सोमबार, राष्ट्रिय योजना आयोगका पूर्व सदस्य प्राध्यापक सुरेन्द्र लाभ संयोजक रहेको समृद्धि संवाद अभियान समूहले जनकपुरधाममा एक छलफल आयोजना गर्दै अभियानको श्रीगणेश गरेको हो ।
लाभले कार्यक्रम प्रारम्भ गर्दै राजर्षि जनकको भूमिबाट समृद्धि संवाद अभियानको थालनी गरेको बताए । यस्तो संवाद कार्यक्रम मुलुकका विभिन्न क्षेत्र र स्थानमा अभियानको रुपमा आयोजन हुने जानकारी लाभले दिए । संवाद कार्यक्रमबाट संकलित सुझावहरु समेटेर प्रतिवेदन बनाउने योजना रहेको लाभले बताए । संवाद कार्यक्रममा समृद्धिबारे बुझाई, समृद्धिको यात्रा, यात्राको वाधाहरु, समाधानका उपाय र अभियानबारे सुझावहरु गरि पाँच बुँदामा छलफल केन्द्रीत थियो ।
छलफलमा प्राध्यापक भोगेन्द्र झा, मधेश प्रदेश सरकारकामुख्यसचिवकृष्णबहादुर राउत,जनकपुरधामका विभिन्न शिक्षा संस्थामा आवद्ध प्राज्ञहरु नागरिक समाजका सदस्य तथा विभिन्न पेशाकर्मीहरुले अभियानको सफलताको कामना सहीत गहकिला सुझाव दिए ।
काठमाडौको सस्टेनेवल प्रोस्पेरिटी इनिसिएटिम संस्थाको सहयोगमा संवाद अभियान संचालन भएको बताइएको छ ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल